नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218



## अग्रज र सहिदका सङ्कल्प पूरा गर्न दृढताका साथ लाग्नुपर्छः प्रधानमन्त्री

समाचार पृष्ठ ५ मा

वर्ष ३ | अंक २५४ | २०८२ साल श्रावण १८ गते आइतबार | Sunday 03, August 2025 | सूर्योदयः बिहान ५:३० बजे | सूर्यास्तः साँझ ६:५२ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# मधेशका सबै मन्त्री घर फर्कँदा ३ नयाँ मन्त्री थपिँदै



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
२०८१ असार ३० गते प्रधानमन्त्री भएका केपी शर्मा ओलीले आफ्नो मन्त्रिमण्डलमा मधेशका थुप्रै अनुहार समेटेका थिए । पटकपटक मन्त्री भएको अनुभव भएकादेखि मधेशमा चुनाव जितेका उत्साही अनुहारहरुले पनि मौका पाएका थिए । तर तिनै मन्त्रीहरु गुमनाम र बदनाम हुँदै घर फर्कने बेला भएको छ । केही फर्किसकेका छन् । प्रधानमन्त्री ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाबीच मन्त्रिपरिषद् पुनर्गठनबारे छलफल भइसकेको छ भने मधेशका मन्त्रीहरुको घर फर्कने टुंगो पनि भइसकेको छ ।

प्रधानमन्त्रीकै पार्टी नेकपा एमालेबाट मन्त्री भएका पर्साका सांसद राजकुमार गुप्ताले प्रधानमन्त्री भेटेर राजीनामासमेत बुझाउन पाएनन् ।

घुसको अडियो काण्ड बाहिरिएपछि उनले प्रधानमन्त्री निबास बालुवाटारमा गएर राजीनामा बुझाए । अख्तियारले उनको अडियोबारे छानबिन गर्दा गुप्ताले दाबी गरेजस्तो नक्कली अडियो नभएको भेटिएपछि अहिले गुप्ताको राजनीति धरापमा परेको छ । उनी चुपचाप बसेका छन् । आफ्नै पार्टी अध्यक्ष प्रधानमन्त्री हुँदा विवादित भएर राजीनामा दिने उनी मधेशबाट मन्त्री भएकामा पहिलो र एमालेका मन्त्रीमा दोस्रो हुन् । शिक्षामन्त्री विद्या भट्टराईले पनि राजीनामा दिएपछि रघुजी पन्त मन्त्री भएका छन् भने राजकुमार गुप्ताको राजीनामापछि भगवती न्यौपाने मन्त्री भएकी छिन् । गुप्ता मालदार मन्त्रालय भनेर चिनिने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री थिए । अडियो काण्डले उनका पिए शिव पटेलले पहिले नै मन्त्रालय छाड्नु परेको थियो ।

अब मन्त्री छाड्नु पर्नेमा पर्साकै नेपाली कांग्रेसबाट विजित र कानून मन्त्री अजय चौरसिया र पार्टी विभाजन गरेर पनि मन्त्री भएका खानेपानी मन्त्री प्रदीप यादवको सूची बाहिरिएको छ । रौतहटका मोहम आफताब आलमलाई निर्दोष सावित गर्न लागेको भनेर विवादको घेरामा उभिएका चौरसियालाई कांग्रेस सभापति देउवा र प्रधानमन्त्री ओलीले कुनै एक्सन नलिए पनि उनको मन्त्री हुने समय सकिएको छ । उनी पनि हुने मन्त्रिमण्डल हेरफेरमा कायम नरहने भएका छन् । पर्साबाट कांग्रेसका दुई मन्त्री भएका थिए रमेश रिजाल र अजय चौरसिया । एमालेका गुप्ता र जनता समाजवादी पार्टीका प्रदीप यादव । सबै मन्त्री भए पनि पर्साले उनीहरुको भूमिका नपाएको भनेर गुनासो भइरहँदा प्रचण्ड प्रधानमन्त्री हुँदा रमेश रिजाल मन्त्री भएर अहिले आराम गरिरहेका छन् भने बाँकी ३ मन्त्रीमा एकजनाको बहिर्गमन भइसकेको छ । अब यादव र चौरसिया पनि केही दिनपछि पदमुक्त हुने छन् । कांग्रेसले गृहमन्त्री रमेश लेखक र परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाबाहेक सबैलाई घर पठाउने र नयाँ मन्त्री बनाउने भएपछि चौरसियाको कार्यकाल अन्तिममा पुगेको हो । नेकपा एमालेले भने चार जना मन्त्रीहरु फेर्ने तयारी गरेको छ । उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णु पौडेल, सञ्चारमन्त्री पृथ्वी सुब्बा गुरुङ, शिक्षामन्त्री रघुजी पन्त, सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेबाहेक बाँकी सबैलाई फिर्ता गर्ने तयारी गरेको छ । भगवती न्यौपाने फागुन १७ गतेसम्म राष्ट्रिय सभा सदस्य रहनेछिन् । ओली सरकारमा सहभागी मधेशवादी दलहरु लोकतान्त्रिक समाजवादी पार्टी र जनता समाजवादी पार्टीबाट पनि मन्त्रीहरुको सेट नै फेरिने भएपछि पर्साका खानेपानी मन्त्री प्रदीप यादव घर फर्कने सूचीमा छन् । उनी अघिल्लो प्रचण्ड सरकारमा पनि मन्त्री हुने भाग्यमानी अनुहार हुन् । उनीसँगै महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भएका जसपाका नवलकिशोर साह सुड्डी पनि घर फर्कने सूचीमा छन् । उनी त मधेशका सबै जिल्लामा पुग्न पनि भ्याएनन् । अशोक राई नेतृत्वको जसपाबाट मन्त्री भएका साह र यादवलाई फिर्ता बोलाएर डा. वीरेन्द्र प्रसाद महतो र रञ्जु झालाई मन्त्री बनाउन राईले प्रधानमन्त्रीलाई पत्र पठाइसकेका छन् । खानेपानी मन्त्री महतो र महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्रीमा झा हुने बताइएको छ ।

यस्तै, सरकारका सहभागी लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)बाट श्रममन्त्री बनेका शरदसिंह भण्डारी पनि घर फर्कने सूचीमा छन् । उनको ठाउँमा सर्वेन्द्रनाथ शुक्लालाई मन्त्री बनाउन पार्टी अध्यक्ष महन्थ ठाकुरले प्रधानमन्त्रीलाई नाम पठाइसकेका छन् ।

# उद्योगबाट निस्केको प्रदूषित पानीमा डुबेर बालकको मृत्यु

**मधेशदृष्टि**
**बारा ।**
उद्योगबाट निस्केको प्रदूषित पानी जमेको कुलोमा डुबेर जीतपुरसिमरा उपमहानगरपालिका–५ का १३ वर्षीय बालकको मृत्यु भएको घटनापछि स्थानीयले शनिबार शव तेस्र्याएर प्रदर्शन गरेका छन् । उद्योगको लापरबाहीले बालक सन्दीप मुखियाको ज्यान गएको भन्दै मृतकका आमा अञ्जुसहित स्थानीयले जीतपुरसिमरा उपमहानगरपालिका–३ स्थित गणपति र नन्दन घ्यू उद्योग अगाडि शव तेस्र्याएर प्रदर्शन गरेका हुन् । बालकको शुक्रबार जीतपुरसिमरा–५ स्थित सिर्सिया कुलो (बर्खि बाँध)मा डुबेर मृत्यु भएको थियो ।

गणपति घ्यू, नन्दन घ्यू, अशोक स्टिललगायतका उद्योगबाट निस्कने प्रदूषित र रसायनयुक्त पानी कुलो हुँदै बग्ने गरेको छ । प्रशोधन नगरी छोडिएको प्रदूषित पानीका कारण यो क्षेत्र अत्यन्तै दुर्गन्धित हुनेको गरेको छ । दुर्गन्धित र प्रदूषित पानीमा बालकको शव भेटिएपछि शल्यपरीक्षणका लागि वीरगंजस्थित नारायणी अस्पतालमा लगिएको थियो । परीक्षणक्रममा बालकको मृत्यु विषाक्त पानीकै कारण भएको देखिएको छ । घटनाबाट आक्रोशित परिवारले शनिबार उद्योग अगाडि शवसहित प्रदर्शन गरे ।

उद्योगको लापरबाहीले बालकको ज्यान गएको भन्दै स्थानीयले क्षतिपूर्तिसहित उद्योगलाई कारबाही गर्न माग गरेका छन् । इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक (डिएसपी) वेदप्रकाश जोशीले घटनाबाट आक्रोशित परिवार र स्थानीयले उद्योग अगाडि प्रदर्शन गरिरहेको बताए । डिएसपी जोशीले पीडित पक्ष, जनप्रतिनिधि र उद्योग प्रशासनबीच छलफल भइरहेको जानकारी दिए । घटनापछि जितपुरसिमरा उपमहानगरपालिकाले शनिबार उद्योगले प्रदूषित पानी छाड्ने गरेको स्थानमा डोजर लगाएको छ । सार्वजनिक जग्गामा पानी छोड्न प्रयोग गरिएको ह्युमपाइप हटाउँदै उपमहानगरपालिकाले खाल्डो पुरेको हो । उपमहानगरपालिकाले यसअघि पनि उद्योगको पर्खाल भत्काएर ह्युमपाइप हटाएको थियो । तर उद्योगले पुनः ह्युमपाइपको प्रयोग गर्दै उद्योगको प्रदूषित पानी प्रशोधन नगरी छाड्ने गरेको थियो । स्थानीय सरकार र स्थानीय प्रशासनलाई अटेर गर्दै आएको उद्योगका कारण स्थानीयसमेत आजित छन् । उद्योगको कारण बस्तीका नागरिक प्रभावित हुनुका साथै प्रदूषित पानीका कारण वातावरणमा समेत असर परिरहेको छ ।

# १८ करोडको स्यालो ट्युबवेल वितरण

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
पानी नपर्दा सुक्खाग्रस्त तथा खडेरीको मारमा परेका किसानका लागि मधेश प्रदेश सरकारले १८ करोड रुपैयाँ लागतमा स्यालो ट्युबवेल वितरण प्रक्रिया शुरु गरेको छ । मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले सुक्खाक्षेत्र सहयोग कार्यक्रमअन्तर्गत प्रदेशका आठ जिल्लाका किसानलाई स्यालो ट्युबवेल वितरण योजना ल्याएको हो ।

धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, सिरहा र सप्तरीमा पानी अभावमा खडेरीबाट पीडित किसानलाई सम्बन्धित कृषि ज्ञान केन्द्रको कार्यालयबाट स्यालो ट्युबवेल वितरण शुरु गरिएको मन्त्रालयका प्रवक्ता सरोज चौधरीले जानकारी दिए । जनताको आवश्यकता तथा प्राथमिकताका आधारमा एक हजार दुई सय स्यालो ट्युबवेल वितरण गरिने उनको भनाइ छ ।

एउटा स्यालो ट्युबवेल जडान गर्न एक लाखदेखि तीन लाख रुपैयाँसम्म खर्च हुने मन्त्रालयको अनुमान छ । साथै सोलार जोड्दा थप खर्च हुनेछ । ट्युबवेल जडान गर्दा पानीको सतह (गहिराइ) कति छ त्यसको आधारमा खर्च लाग्ने उनको भनाइ छ ।

स्यालो ट्युबवेल वितरणका लागि सातदिने सूचना जारी गरिएको छ । एउटा ट्युबवेल लिन दुई बिघा खेतीयुक्त जमिनको प्रमाणित लालपुर्जा कृषि ज्ञान केन्द्रमा पेस गर्नुपर्ने छ । मन्त्रालयले पानीको अभावमा मधेश प्रदेशमा अहिलेसम्म ५० प्रतिशत धानखेती भएको जनाएको छ ।









# फुटबल कप्तान सावित्रा भण्डारीलाई सञ्चारिका समूहद्वारा सम्मान

**प्रमोद सहनी**
**मकवानपुर ।**
नेपाली महिलाहरूको संघर्ष, सपना र सफलताको प्रतीक बनेकी छन् सावित्रा भण्डारी 'साम्बा' नामले परिचित राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान । खेलकुदमा असाध्यै कठिन यात्राबाट अघि बढ्दै उनले न केवल फुटबल मैदानमा देशलाई अन्तर्राष्ट्रिय स्तरमा चिनाएकी छन् । तर, लाखौं किशोरीका लागि आशा र प्रेरणाको स्रोतसमेत बनेकी छन् । यही प्रेरणादायी यात्राको सम्मानस्वरूप मकवानपुरको हेटौंडामा आयोजित कार्यक्रममा उनलाई नगद ५० हजारसहित भव्य सम्मान प्रदान गरिएको छ । यो सम्मान एक खेलाडीको होइन, एक युगको परिवर्तन र महिलाको सम्भावनाको मान्यता हो । नेपाली महिला राष्ट्रिय फुटबल टोलीकी कप्तान सावित्रा भण्डारी (साम्बा)लाई मकवानपुरको हेटौंडामा विशेष कार्यक्रममार्फत भव्य सम्मान गरिएको छ । सञ्चारिका समूह मकवानपुरले आयोजना गरेको 'देश चिनाउने सम्बासँग हाम्रो चिनजान' शीर्षकको कार्यक्रममा कप्तान भण्डारीलाई नगद ५० हजार रुपैयाँसहित सम्मानपत्र प्रदान गरियो । महिला सशक्तिकरण, खेलकुदको प्रवद्र्धन र सफल महिलालाई समाजसँग जोड्ने उद्देश्यसहित आयोजना गरिएको उक्त कार्यक्रममा भण्डारीको योगदानलाई उच्च सम्मानका साथ स्मरण गरिएको थियो । कार्यक्रम सञ्चारिका समूह मकवानपुरकी अध्यक्ष निशा गुरुङको अध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बाँनियाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । सम्मानपत्र र नगद पुरस्कार हेटौंडा स्कुल अफ म्यानेजमेन्टका सञ्चालक तथा शिक्षाविद् पुरनबहादुर जोशीले कप्तान भण्डारीलाई हस्तान्तरण गरे । सम्मान ग्रहणपछिको मन्तव्यमा कप्तान भण्डारी भावुक भइन् । उनले आफ्नो फुटबल यात्रा सजिलो नहुँदै गरेको उल्लेख गर्दै प्रारम्भिक कठिनाइहरूको वर्णन गरिन् ।



'शुरुमा घरको काम सकेर मोजाको भकुण्डो बनाएर खाली समयमा फुटबल खेल्थें,' उनले सुनाइन्, 'अरू साथीहरू राम्रै ड्रेस र बलमा हुन्थे, म भने चप्पलमै मैदानमा उत्रन्थें । त्यो अवस्था अझै ताजै छ ।' उनका शब्दहरूले नेपाली समाजमा विशेषगरी ग्रामीण क्षेत्रमा रहेका महिला खेलाडीहरूको अवस्थालाई उजागर गर्यो । भण्डारीले आफ्नो सफलता कुनै संयोग नभएर निरन्तर परिश्रम, अनुशासन र लक्ष्यप्रतिको समर्पणको परिणाम भएको स्पष्ट पारिन् । उनले सामाजिक सोच, लैङ्गिक भेदभाव र आर्थिक अभावका बाबजुद पनि खेलकुदमा निरन्तर लागिरहनु परेकाले आत्मबल र आत्मविश्वासको महत्व झल्काइन् । 'महिला खेलाडीलाई हेर्ने दृष्टिकोण अहिले भन्दा धेरै फरक थियो । आजको अवस्थामा आइपुग्न वर्षौंदेखि आत्मसंघर्ष गर्नुपर्यो,' उनले भनिन् । कप्तान भण्डारीले पछिल्लो दशकमा खेलकुदप्रति समाजको सोचमा उल्लेखनीय सकारात्मक परिवर्तन आएको बताउँदै भनिन्, 'अब बालिका र किशोरीहरू स्वयं फुटबल खेल्न अभिव्यक्त हुन थालेका छन् ।

समाज, विद्यालय, परिवार र सरकारले पनि प्रोत्साहन गर्न थालेका छन् ।' उनका अनुसार, आजको पुस्ताले उनीहरूले भोगेका कठिनाइहरू भोग्न नपरोस् भन्ने सोचका साथ सबै सरोकारवालाहरू मिलेर काम गर्न आवश्यक छ । उनले विशेषगरी स्थानीय सरकार, खेल संघ, विद्यालय र सञ्चारमाध्यमले महिला खेलकुदको प्रवद्र्धनमा अझै बढी योगदान दिनुपर्नेमा जोड दिइन् । कप्तान साम्बाले खेलकुदलाई आफ्नो जीवनको मार्ग बनाए तापनि शिक्षाको भूमिका कहिल्यै बेवास्ता नगरेको उल्लेख गरिन् । 'यदि खेलमैदानमा सफल हुन सकिएन भने शिक्षाले जीवन बाँच्ने आधार दिन्छ । त्यसैले म सबै खेलाडी दिदीबहिनी तथा भाइबहिनीलाई पढाइमा पनि उत्तिकै ध्यान दिन आग्रह गर्छु,' उनले भनिन् । उनका अनुसार, खेलाडीको सफल यात्रा खेल र पढाइ दुवैमा सन्तुलन मिलाउन सक्दामा मात्रै दीर्घकालीन परिणाम आउँछ । कार्यक्रमका प्रमुख अतिथि हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बाँनियाले सावित्रा भण्डारी तथा प्रीति राईजस्ता महिला खेलाडीहरूले नेपालको अन्तर्राष्ट्रिय छवि उज्यालो बनाएको बताउँदै खेल पूर्वाधार विकासका लागि स्थानीय तहले गरिरहेको प्रयासबारे जानकारी दिए । 'हामीले 'एक वडा, एक खेलमैदान' नीतिअनुसार अधिकांश वडामा खेलमैदान निर्माण गरिसकेका छौं । बाँकी स्थानमा पनि चाँडै काम थालिनेछ,' उनले भने । बाँनियाले महिला खेलकुद प्रवद्र्धनका लागि उपमहानगरले विशेष बजेट विनियोजन गर्ने तयारी भइरहेको पनि जानकारी दिए । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठ, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, सञ्चारिका समूह मकवानपुरकी संस्थापक अध्यक्ष सरिता दाहाल, सामाजिक अभियन्ता तथा शिक्षाविद्हरूको उपस्थिति थियो । सबै वक्ताहरूले कप्तान भण्डारीको संघर्ष, प्रतिबद्धता र सफलता नेपाली समाजका लागि उदाहरणीय रहेको उल्लेख गर्दै उनका योगदानलाई सलाम अर्पण गरे । कार्यक्रममा मकवानपुरका विभिन्न विद्यालयका विद्यार्थी, युवा खेलाडी, महिला समूहका प्रतिनिधि, शिक्षक, पत्रकार, अभिभावक तथा खेलप्रेमीहरूको उल्लेखनीय उपस्थिति थियो । कप्तान भण्डारीको प्रत्यक्ष उपस्थितिले कार्यक्रममा सहभागी विद्यार्थी तथा किशोरीहरूलाई गहिरो प्रेरणा दिएको देखिएको थियो । धेरैको अनुहारमा उत्साह र आत्मविश्वास झल्किएको थियो ।

सञ्चारिका समूह मकवानपुरकी अध्यक्ष निशा गुरुङले यस्ता कार्यक्रमले समाजमा सकारात्मक सन्देश प्रवाह गर्ने विश्वास व्यक्त गरिन् । 'साम्बाजस्ता महिलाहरूको संघर्ष र सफलता हाम्रो प्रेरणा हुन्,' उनले भनिन्, 'सञ्चारिका समूहले यस्ता अनुकरणीय पात्रहरूको कथा आम नागरिकमा पुर्याउने अभियानलाई निरन्तरता दिनेछ ।'



लागुऔषध लुकाउने तरिकाः इलाका प्रहरी कार्यालय पटेर्वासुगौली, पर्साबाट खटिएको प्रहरीले चेकजाँच क्रममा पर्साकै पर्सागढी, एकटाङ्गाका ३४ वर्षीय जगमोहन यादवलाई आठ किलो भन्दा बढी लागुऔषध गाँजासहित पक्राउ गरेको छ । उनी यसरी गाँजा लुकाइछिपाइ बेलुवाबाट देबरवाना जाँदै थिए ।

# सवारी र कबाडी कर ठेक्कामा वृद्धि

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाको सवारी कर र कबाडी करको ठेक्कामा निरन्तर वृद्धि भएको छ ।

यस वर्ष सवारी कर र कबाडी करको ठेक्का विगतका वर्षहरूभन्दा बढी मूल्यमा लागेको छ । गत वर्षसम्म ठेकेदारहरूको मिलेमतोले ठेक्काको दर कममा लाग्ने गरेको थियो । यस वर्ष असारमा निकालिएको टेन्डरमा पनि कम दरमा आवेदन परेपछि नगर प्रमुख राजेशमान सिंहले ठेक्का रद्द गर्न लगाएका थिए । चालु आर्थिक वर्षका लागि प्रभु कन्स्ट्रक्सनले सवारी करको ठेक्का भ्याटबाहेक ७ करोड ६१ लाखमा सकारेको छ । यो गत वर्षको ६ करोड ७१ लाखभन्दा बढी हो ।

यस्तै, अमित ठेक्कापट्टाले कबाडी करको ठेक्का भ्याटबाहेक ४ करोड ८८ लाखमा हात पारेको छ । यो गत वर्षको ४ करोड ३० लाखभन्दा बढी हो । महानगरको राजस्व महाशाखा प्रमुख मनोज कर्णका अनुसार, यस वर्षदेखि भ्याटसहित कर सङ्कलन गरिनेछ । यसअनुसार सवारी करको कुल मूल्य ८ करोड ६१ लाख र कबाडी करको ५ करोड ५१ लाख पुगेको छ । पुरानो ठेकेदारले साउन मसान्तसम्म पुरानै दररेटमा कर उठाइरहेको छ भने भदौ १ गतेदेखि नयाँ ठेकेदारले नयाँ दररेटमा कर सङ्कलन सुरु गर्नेछन् । यी ठेक्कामा ठेकेदारहरूले मापदण्डविपरीत कर असुलेको भन्दै विगतमा आलोचना हुँदै आएको थियो ।

# 'श्री गुरु दक्षिणा उत्सव' भव्यताका साथ सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
हिन्दू स्वयंसेवक संघ नेपालले वीरगंजमा 'श्री गुरु दक्षिणा उत्सव' कार्यक्रम भव्यताका साथ सम्पन्न गरेको छ । वीरगंजको आदर्शनगरस्थित रानीसती धर्मशालामा शनिबार आयोजित कार्यक्रममा हिन्दू धर्म, संस्कृति र राष्ट्रिय चेतनाको संरक्षण तथा प्रवद्र्धनमा जोड दिइएको छ । कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रिय स्वयंसेवक संघ, उत्तर बिहारका राज्य प्रचारक रबि शंकर महाराजले नेपालमा हिन्दूत्वको भावनाले नै राष्ट्र निर्माणको आधार तयार पार्ने बताए । उनले हिन्दू स्वयंसेवक संघले गरिरहेको धार्मिक र सांस्कृतिक जागरणको काम प्रशंसायोग्य रहेको उल्लेख गरे ।

कार्यक्रममा नारायणी अस्पतालका फिजिसियन तथा नेपाल चिकित्सक संघका केन्द्रीय उपाध्यक्ष डा. निरज कुमार सिंहले स्वास्थ्य, शिक्षा, संस्कार र संस्कृतिबीचको समन्वयबाट मात्र समृद्ध समाज निर्माण सम्भव हुने धारणा राखे । उनले हिन्दू स्वयंसेवक संघको समाज परिवर्तन र चरित्र निर्माणको कार्य अनुकरणीय रहेको बताए । कार्यक्रम संयोजक एवम् वीरगंज विभागका संचालक अशोक बैधले बढ्दो विकृति र विसंगतिको समयमा हिन्दू स्वयंसेवक संघले सुसंस्कार, समर्पण र राष्ट्रप्रेमको भावना जागृत गराउन महत्त्वपूर्ण भूमिका खेलेको बताए ।

# लागुऔषध गाँजासहित एक जना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा लागुऔषध गाँजासहित एक जना पक्राउ परेका छन् । इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीको टोलीले पटेर्वा सुगौली गाँउपालिका नम्बर–४ स्थित करबोलाबाट लागुऔषध गाँजासहित एक युवकलाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा पर्सागढी नगरपालिका वडा नम्बर–९ एकटांगाका ३४ वर्षीय जगमोहन यादव रहेको इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रहरी निरिक्षक प्रकाश थापाले जानकारी दिए । बेलवाबाट देउरवानातर्फ जाँदै गरेको बिआर ०५ एजी ६८०५ नम्बरको मोटरसाइकलको चालक यादवलाई प्रहरीले ८ किलो ४४० ग्राम गाँजासहित पक्राउ गरेको हो ।

पक्राउ परेका यादव सवार रहेको मोटरसाइकलको सिटमुनी र उनको शरिरमा बाँधिएको अवस्थामा गाँजा बरामद भएको प्रहरी निरिक्षक थापाले बताए । लागुऔषध गाँजा सहित पक्राउ परेका यादवलाई प्रहरी हिरासतमा राखेर थप अनुसन्धान भइरहेको उनले बताए ।

# लार्के सडक सरकारको उपेक्षामा

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको रक्सौल नाकाबाट चिनियाँ नाका रुइला जोड्ने सबैभन्दा छोटो बेनीघाट, आरुघाट, लार्के सडक सरकारको उपेक्षामा परेको छ ।

विगत पाँच वर्षयताको बजेट विनियोजनको तुलना गर्दा चालु आर्थिक वर्ष सबैभन्दा कम बजेट विनियोजन भएको देखिएको हो । नेपाली सेनाको विकास निर्देशनालयले कार्यान्वयन गर्ने गरी पाँच वर्षअघि सो सडकका लागि २५ करोड रुपैयाँ विनियोजन भएको थियो ।

त्यसपछि १५ करोड विनियोजन भएकामा दुई वर्षअघि १० करोड र गत वर्ष जम्मा सात करोड विनियोजन भएको निर्देशनालयले जनाएको छ । चालु आर्थिक वर्ष त्यसमा पनि घटेर जम्मा ३ करोड ९७ लाख विनियोजन भएको छ । गत वर्ष पनि सडक निर्माणमा गएको नेपाली सेना आठ महिना नबित्दै बजेट सकिएर ब्यारेक फर्किएको थियो । रकमान्तर गरेर भएपनि बजेट थप हुने आशा निराशामा परिणत भएपछि चुमनुब्री—३ पेवासम्म ट्र्याक पु¥याई सेना काम छाडेर फर्किएको हो ।

# सहकारी क्षेत्रका चुनौती समाधानबारे अन्तरक्रिया

**मधेशदृष्टि**
**वीरगंज ।**
सहकारी क्षेत्रका चुनौती र समाधानका उपायबारे छलफल गर्न वीरगंजमा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड पर्साको आयोजनामा ओम शिवशक्ति बचत तथा ऋण सहकारी संस्थाको सभा हलमा भएको उक्त कार्यक्रममा सहकारी विभागबाट जारी भएको 'एकीकृत निर्देशन २०८२' माथि विस्तृत छलफल गरिएको हो । संघका अध्यक्ष हरेराम प्रसादले वर्तमान आर्थिक तथा बैंकिङ क्षेत्र र सहकारीमा देखिएका समस्याहरूको पहिचान गर्न यस्ता कार्यक्रमको महत्त्व रहेको बताए । कार्यक्रममा विभिन्न सहकारी संस्थाका सञ्चालक, अध्यक्ष र प्रबन्धकहरूले आफ्ना अनुभव र चुनौतीहरू प्रस्तुत गरे । राष्ट्रिय सहकारी महासंघ नेपालका सञ्चालक सदस्य शम्भु प्रसाद गुप्ताको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा संघका पूर्वअध्यक्ष राजेश पण्डित, उपाध्यक्ष नंग नारायण सिंह, सचिव नरेश चौरसिया लगायत ५० भन्दा बढी सहकारी संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । सहभागीहरूले नयाँ निर्देशनले सहकारी क्षेत्रमा पार्ने प्रभाव र यसबाट उत्पन्न हुन सक्ने समस्याबारे सुझावहरू दिएका थिए ।


## ईन्स्टिच्युट अँफ हेल्थ रिसर्च डेभलपमेन्ट प्रा.लि.
## Institute of Health Research Development Pvt. Ltd.
जनकपुरधाम-४, धनुषा
JanakpurDham-4, Dhanusha
☎ ०४१-४२२६७९

**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**

जनकपुर अञ्चलको सबैभन्दा पुरानो २०५२ सालदेखि संचालनमा रहेको ईन्स्टिच्युट अफ हेल्थ रिसर्च डेभलपमेन्ट, प्रा. लि. (IHRD) जनकपुरधाम-४, धनुषामा शैक्षिक सत्र २०८२/०८३को लागि स्वास्थ्य तर्फको सामान्य चिकित्सा हेल्थ असिस्टेन्ट ३ वर्षे कोर्षमा भर्ना खुलेकोले S.L.C./SEE पास विधार्थीहरुले आवेदन फारम भर्नुहोस् ।

*तपशिल*
१. फारम भर्ने अन्तिम मितिः यहि श्रावण २५ गते सम्म
२. सम्पर्क स्थानः ईन्स्टिच्युट अफ हेल्थ रिसर्च डेभलपमेन्ट प्रा. लि. जनकपुरधाम-४, धनुषा, सरहन्चिया कुट्टी देखि दक्षिण तर्फ पुरानो कर्मचारी संचयकोष कार्यालय नजिकै कटैया चौरी जाने बाटोमा
३. सम्पर्क नं.: 041-422679, 9846073300, 9844220968, 9807678737, 98842433810
नोटः यस इन्स्टिच्युटमा २०५२ साल देखि स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको साथै २०७९ सालदेखि सामान्य चिकित्सा ३ वर्षे कार्यक्रम संचालन भइ रहेकी समेत जानकारी गराइन्छ ।

- प्रिन्सिपल


# गणेश चतुर्थी महोत्सव भव्य रुपमा मनाइने

**मधेशदृष्टि**
**वीरगंज ।**
भगवान् गणेशको पूजा आराधना गरी मनाइने गणेश चतुर्थी महोत्सव वीरगंज–१० घडिअर्वामा यसवर्ष पनि भव्य रुपमा मनाइने भएको छ । विगतका वर्ष झै यस वर्षपनि वीरगंज–१० घडिअर्वास्थित रामजानकी मन्दिर प्रांगणमा गणेश चतुर्थी महोत्सव मनाइने भएको हो । त्यसका लागि शनिबार बसेको स्थानीयवासीको भेलाले मदन प्रसाद कलवारको अध्यक्षतामा ३१ सदस्यीय महोत्सव व्यवस्थापन समिति गठन गरेको छ । समितिको उपाध्यक्षमा राकेश साह कानु, सचिवमा सन्तोष साह कानु र मनोहर साह कानु, कोषध्यक्ष प्रकाश सिंह तथा सदस्यमा दीलिप कानु, बैजु गुप्ता, राजेश सिंह, सुनिल दास, लालु साह कानु, रवि सर्राफ, लगायतका रहेका छन् । यसपालि गणेश चतुर्थी महोत्सव आगामी भदौं ११ देखि १४ गतेसम्म परेको छ ।

वीरगंज–१० का वडाध्यक्ष सुशील कुमार कानुको उपस्थितीमा भएको भेलामा स्थानीयवासीको सहभागिता थियो ।

# प्रतीक दैनिकले तीन पत्रकारलाई सम्मान गर्ने

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रतीक दैनिकले आफ्नो वार्षिकोत्सवका अवसरमा तीन पत्रकारलाई सम्मान गर्ने भएको छ । यस वर्षको स्व. सुबोध स्मृति पत्रकारिता पुरस्कार अन्नपूर्ण पोस्ट दैनिकका पर्सा संवाददाता तथा मधेश खबर मिडिया नेटवर्कका सञ्चालक क्रान्ति शाहलाई प्रदान गरिनेछ । उत्कृष्ट स्तम्भकार पुरस्कार नेपाल पत्रकार महासंघ, पर्साका अध्यक्ष तथा अभियान दैनिकका संवाददाता ओम प्रकाश खनाललाई प्रदान गरिने प्रतिक दैनिकका सहसम्पादक शत्रुघन नेपालले बताए ।

त्यस्तै, उत्कृष्ट संवाददाता पुरस्कार पत्रकार प्रमोद यादवलाई प्रदान गरिनेछ । पुरस्कार वितरण समारोह भदौ १ गते एक विशेष कार्यक्रमका साथ आयोजना गरिने नेपालले बताए ।

# लहानमा व्याङ्कीबाट खानेपानी वितरण शुरु



सिरहा। सिरहाको लहान नगरपालिका–२४ खेसराहा टोलमा खानेपानीको चरम अभाव भएपछि शुक्रबार साँझदेखि व्याङ्कीबाट पानी वितरण शुरु गरिएको छ। खासगरि उत्तरी भेगका बस्तीमा चापाकल सुकेपछि दैनिक उपभोगका लागि पानीको अभाव भोगिरहेका स्थानीयलाई लक्षित गर्दै बोलेरोमा पानीको व्याङ्की बोकेर गाउँमै पुर्‍याएर वितरण गर्न थालिएको हो। 'विकन परियोजना' र 'वाटरएड' को सहयोगमा दलित जनकल्याण युवा क्लब लहानले खानेपानीको धारा जडान हुन बाँकी रहेका बस्तीमा लहान खानेपानी संस्थानसँग समन्वय गरेर दुई हजार लिटर क्षमताको व्याङ्कीमार्फत पानी वितरण शुरु गरेको हो। नगरप्रमुख महेशप्रसाद चौधरीले स्वयं गाउँ पुगेर पानी वितरण गर्दै भने, 'खानेपानी मानव जीवनको आधार हो। तीन महिनासम्म प्रत्येक व्यक्तिलाई दैनिक चार लिटर पानी निःशुल्क उपलब्ध गराइनेछ। आवश्यक परेको खण्डमा यो कार्यक्रम थप लम्ब्याउने तयारी गरिरहेका छौं।' नगरपालिकाले आगामी पाँच वर्षमा घरघरमा खानेपानीको धारा पुर्‍याउने योजना सार्वजनिक गरिसकेको उनले जानकारी दिए। बस्तीमा करिब ६० घरपरिवार छन्। उनीहरुलाई गाग्री र बाल्टिनमा पानी भरिदिने व्यवस्था गरिएको छ। दलित जनकल्याण युवा क्लबका अध्यक्ष उमेश विसुङ्केले भने, 'विकन परियोजनाले २० लाख विनियोजन गरिसकेको छ। लहान नगरपालिका र खानेपानी कार्यालयसँग समन्वय गर्दै तीन महिनासम्म यो काम निरन्तर गरिनेछ।' स्थानीय पूर्णबहादुर सार्कीले पानी पाउँदा राहत मिलेको बताए। 'शुद्ध पिउने पानीले अहिले बाँच्ने आधार जस्तै भएको छ। तर, लुगा धुन, नुहाउन, गाईभैंसीलाई पानी खुवाउन अझै गाह्रो छ। त्यसका लागि आकाशे पानीको प्रतिक्षा गरिरहेका छौं।' खानेपानी सङ्कट लहान–१३, १५, १६, १७ र १८ वडामा देखिएको छ। नगरपालिकाले अब आवश्यकताअनुसार अन्य प्रभावित टोलमा पानी वितरण गर्ने योजना बनाएको छ। खडेरीको असरले इनार, पोखरी, हाते कल, सिँचाइका मोटरहरु सबै सुक्न थालेका छन्। लहान–१३ का ६५ वर्षीय कृषक जगबीर यादव भन्छन्, 'छ दशकमा यस्तो खडेरी देखिएको थिएन। सलहेस फूलबारी र सरस्वती खोला पनि सुकिसके।' पानीको दीर्घकालीन समाधानका लागि चुरे संरक्षण अत्यावश्यक रहेको पर्यावरणविद् दिनेश यादवको भनाइ छ। रासस

# बिरामीलाई पौष्टिक आहार दिएर वार्षिकोत्सव



मधेशदृष्टि
सप्तरी। राष्ट्रिय वैश्य महासंघ नेपालको प्रथम वार्षिकोत्सव यहाँ बिरामीहरुलाई फलफुल बितरण गरि मनाइएको छ। महासंघको सप्तरी शाखाले शनिबार स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालमा विभिन्न उपचारका क्रममा भर्ना रहेका बिरामीहरुलाई फलफुल बितरण गरि प्रथम वार्षिकोत्सव मनाएका छन्। शाखा अध्यक्ष श्याम प्रसाद साह, उपाध्यक्ष मनोज माझी, सुनिता दास, महासचिव बब्लु चौधरी, सचिव राजलाल पण्डित, रामानन्द साह, कोषाध्यक्ष बलराम शर्मा, सहकोषाध्यक्ष नारायण गुप्तासहित पुगेको कार्यसमितिको टोलीले अस्पतालको बेड बेडमा गएर भर्ना भएका बिरामीहरुलाई फलफलु बितरण गरेका थिए।

वार्षिकोत्सवका बेला बिरामीहरुलाई मानविय सहायताको दृष्टिकोणले यस्ता पौष्टिक सामग्री बितरण कार्यक्रम आयोजना गरिएको अध्यक्ष साहले बताए। बिरामीहरुलाई फलफुल जुसका प्याकेट र अन्य पौष्टिक आहारा बितरण गरिएको थियो। सो अवसरमा शाखा सदस्य अनुराधादेवी साह, साविति पण्डित, राजु सोनार, बैजु जोशी, मनिष दुगड, गिता गुप्ता, समाजसेवी प्रमिला साह, मिथिलेश साह, राजेन्द्र प्रसाद साह लगायतले पनि शाखाको तर्फबाट बिरामीहरुलाई उक्त पोष्टिक आहारा बितरण गरेका थिए।

# सामुहिक बलात्कार पीडित भनिएकी किशोरीको तर्फबाट जाहेरी नआउँदा अन्यौलमा प्रहरी




मधेशदृष्टि
सप्तरी। सप्तरीको राजविराज नगरपालिका–११ झल्ही टोलकी १५ वर्षीया एक किशोरी चार दिनअघि साँझ ६ बजेतिर घर अगाडी उभिरहेका बेला अचानक सम्पर्कविहीन भइन्। छिमेकीले दुईरतीन जना केटाहरु लिएर गएको बताएपछि आफन्त खोजिमा जुटे। तर, कतै फेला परेन्। भोलीपल्ट बिहीबार एका बिहान सोही वडाका १९ वर्षीय राजु यादवले ती किशोरीलाई घर छेउ ल्याएर छाडेका थिए। त्यसपछि सामुहिक बलात्कार गरि घर छेउ ल्याएर छाडेको भन्दै किशोरीका आफन्तले फोनबाट जानकारी गराएपछि पुगेको प्रहरी टोलीले आरोपि भनिएका मध्येका राजु यादवलाई पक्राउ गरि हिरासतमा राखेको छ। राजुले अपराध अस्विकार गर्दै आएका छन्। उता सुश्मा किशोरीको सामुहिक बलात्कार भयो भन्दै आएकाहरु अहिले भने बोली फेरेका छन्। प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेत भन्छन्, 'शुरुमा सामुहिक बलात्कार भयो, भनी जानकारी दिएका आफन्तहरु अहिले आएर पटक पटक बोली फेर्न थालेपछी अनुसन्धान र मुद्दा अगाडी बढाउन समस्या भएको छ।' चार दिनदेखी जाहेरी लिएर आउनु भनी पीडित भनिएकी किशोरीका आफन्तलाई तागेदा गर्दै आएका छौं, उनले भने, 'तर अहिलेसम्म आएका छैनन्। उनले टोलमै मिलापत्रको कुरा भइरहेको कुरा पनि सुनिदै आएको भन्दै बलात्कार नै भएको हो भने दोषिलाई कानुनको दायरामा ल्याउनुको साटो मिलापत्रबाट उन्मुक्ति दिने प्रयास अर्को अपराध हुने स्पष्ट पार्दै त्यस्तो पाइए बलात्कार घटना मिलापत्रबाट टुंग्याउनेहरु पनि कारवाहीको दायरा पर्ने बताए। उनले पीडित भनिएकी किशोरीका आफन्तलाई जिल्ला प्रहरी कार्यालयमै बोलाएर सत्यतथ्य कुरा राख्न र बलात्कार नै भएको भने लिखित जाहेरी दिन अनुरोध गर्दा पनि कहिले बिहान त कहिले साँझ लिएर आउँछु त कहिले बलात्कार नभई सामान्य झैंझगडा मात्र भएको भन्दै बोलि फेर्ने गरेको बताए।

उनले पीडित भनिएकी बालिका र उनका आफन्तलाई सुरक्षाको कुनै समस्या नहुने र डराउनु पर्ने कुनै अवस्था नरहेको भनेर सम्झाउँदा पनि सत्यतथ्य कुरा राख्न र जाहेरी दिन आलटाल गर्नु चकित पार्ने विषय बनेको सुनाए। 'हामी चार दिनदेखी जाहेरी आउने प्रतिक्षामा छौं,' उनले भने, 'तर, नआउँदा कानुनी प्रक्रिया अघि बढ्न समस्या भएको हो।' जाहेरी लिएर नआउँदा पीडित भनिएकी किशोरीको मेडिकल परिक्षण गराउन पनि कानुनी झमेला भएको उनको भनाइ छ। यसबारे पीडित भनिएकी बालिकाको दाजु श्याम (नाम परिवर्तन) सँग फोन सम्पर्क गर्दा शुरुमा उनले बलात्कार भएको र गाउँमा केही रकम लिएर मिलापत्र गर्न दबाब दिइरहेकाले आफू तनावमा परेको बताएका थिए। तर, त्यसको चार घण्टा नबित्दै उनले फोन गरेर बहिनीसँग बलात्कार नभएको र गाउँके केटाहरुको एक समूहबाट झैझगडा मात्र भएको भन्दै बोलि फेरेका छन्।

प्रहरीले भने बलात्कार भएरनभएको, बलात्कार भएको भए लेनदेन र मिलापत्रबाट टुंग्याउने प्रयास भएरनभएको, डराएर जाहेरी दिन नमानेको, प्रलोभन र दबाबमा परेरनपरेको वा बलात्कारको झुटो मुद्दा लगाउन खोजेको लगायत सबै कोणबाट अनुसन्धान अगाडी बढाइएको जनाएको छ।

# बनाना रिसोर्टमा भीषण आगलागी



मधेशदृष्टि
रौतहट। रौतहटको ईशनाथ नगरपालिका–२ मा रहेको बनाना रिसोर्टमा आगलागी भएको छ। शनिबार बिहान करिब ३:४० बजे भएको आगलागीमा सम्पूर्ण सरसामान जलेर नष्ट भएको छ। बनाना रिसोर्टका सञ्चालक राकेस गुप्ताका अनुसार आगलागीबाट करिब ४० लाख रुपैयाँ बराबरको सामान नष्ट भएको छ। बनना रिसोर्टका लागी घर निर्माणको कूल खर्चमध्ये आधा नेपाल सरकार र आधा श्री जौहरीमाई कृषी तथा सहकारी संस्था सञ्चालक राकेस गुप्ताको लगानीमा निर्माण भएको थियो। आगलागीबाट रिसोर्टमा प्रयोग हुने र विभिन्न कृषिमा प्रयोग हुने मेशिनहरु र खाधान्न, फर्निचर, फ्रिज लगायतका सरसमानहरू जलेर नष्ट भएको छ। आगो सशस्त्र प्रहरी, प्रहरी र स्थानीयले नगरपालिकाको दमकलको सहयोगमा नियन्त्रणमा लिएका हुन्।

# पूर्वमन्त्री वीरेन्द्र र भाजपा नेता गिरिराज सिंहबीच भेटघाट



मधेशदृष्टि
सर्लाही। नेपाली कांग्रेस मधेश प्रदेशका उपसभापति एवम् पूर्वमन्त्री वीरेन्द्र प्रसाद सिंह र भारतीय सत्तारुढ दल भारतीय जनता पार्टीका केन्द्रीय मन्त्री गिरिराज सिंहबीच शिष्टाचार भेटघाट भएको छ। बिहार राज्यको राजधानी पटनामा भएको भेटघाटमा नेपाल –भारत दुई देश साथै नेपाली कांग्रेस र भारतीय जनता पार्टीबीचको सम्बन्ध आगामी दिनमा थप सुदृढ बनाउने लगायत विषयमा छलफल भएको थियो। नेपाली कांग्रेसका नेता वीरेन्द्र प्रसाद सिंहले भने अहिले मधेश प्रदेशमा सुरक्षा संकट ग्रस्त भएकोले यहाँका आम जनतालाई धेरै दुःख भएको भारतीय केन्द्रीय मन्त्रीलाई भने यहाँका आम नागरिकलाई सहज बनाउन हाम्रो मित्र राष्ट्र भारतबाट सहयोगको अपेक्षा गरेको मन्त्री सिंहका स्वकीय सचिव निकेश तिपाठीले बताए। सो भेटवार्तामा दुई देशबीचको धार्मिक, सांस्कृतिक, पर्यटन, आर्थिक विकासको सम्बन्धलाई प्रगाढ बनाउनुको साथै मधेश प्रदेश र नेपालमा भ्रमण गर्ने भाजपा नेता केन्द्रिय मन्त्री गिरिराज सिंह प्रतिवद्धता व्यक्त गरेका छन्।

नेपाल भारत दुई देशबीच रहेको आदिकालदेखिको सम्बन्धलाई सबै क्षेत्रमा दीर्घकालीन रुपमा थप बलियो बनाउने नेपाली कांग्रेस नेता वीरेन्द्र प्रसाद सिंहले विश्वास व्यक्त गरे।

# सिरहा छोटी भन्सारको राजस्व सङ्कलनमा वृद्धि




सिरहा। सिरहा जिल्लाको माडर मुख्य भन्सारअन्तर्गत पर्ने बरियारपट्टी छोटी भन्सारले पछिल्लो तीन आर्थिक वर्षमा राजस्व सङ्कलनमा उल्लेखनीय प्रगति गरेको छ। आव २०७९÷८० मा जम्मा १९ लाख ६६ हजार मात्रै राजस्व सङ्कलन गरेको यस भन्सार कार्यालयले आव २०८०÷८१ मा ४६ लाख ५० हजार सङ्कलन गर्न सफल भएको थियो भने गत आव २०८१÷८२ मा ७० लाख छ हजार राजस्व सङ्कलन गर्दै उल्लेखनीय वृद्धि देखाएको छ। छोटी भन्सार कार्यालयका प्रमुख शम्भु केसीका अनुसार हाल मासिक सरदर छ लाख बराबरको राजस्व सङ्कलन भइरहेको छ। उनले भने, 'सामान्यतः खाद्यान्न, किराना सामग्री, मेलापर्वका लागि आवश्यक सामग्री, खेलौना र सजावटका वस्तुहरु यो भन्सार नाका भएर आयात हुने गरेका छन्।' राजस्व वृद्धिको पछाडि सीमावर्ती व्यापारिक गतिविधिको विस्तार, चेकपोइन्ट व्यवस्थापनमा सुधार र आयातकर्ताको सक्रियताजस्ता कारण रहेको प्रमुख केसीको भनाइ छ। भारतसँग सीमा जोडिएको सिरहा जिल्लामा यो छोटी भन्सारले गाउँस्तरको सस्तो तथा दैनिक प्रयोगका सामग्री भित्र्याउन सहजता प्रदान गर्दै आएको छ। त्यस्तै, स्थानीय व्यवसायीहरुले भन्सारको सेवा प्रवाहमा भएको सुधार र सहज प्रक्रियाले व्यवसायमैत्री वातावरण बनाएको बताएका छन्। एक स्थानीय व्यापारी मुकेशकुमार यादवले भने, 'पहिला सामान ल्याउँदा धेरै झन्झट थियो, अहिले प्रक्रिया छरितो छ र राजस्व बुझाएर सहजै सामग्री ल्याउन सकिन्छ।' भन्सार प्रमुख केसीले आगामी महिनामा राजस्व सङ्कलन अझ बढ्ने विश्वास व्यक्त गरे। 'चाडपर्व नजिकिँदै छ, जसका कारण व्यापारिक गतिविधि झनै बढ्नेछ। त्यसअनुसार राजस्व सङ्कलन पनि उच्च हुने अपेक्षा गरेका छौं,' उनले भने। भारतसँग सिमाना जोडिएको यस जिल्लामा माडर र ठाडी गरी दुईवटा मूल भन्सार रहेका छन् भने एउटा छोटी भन्सार सञ्चालनमा रहेको छ। रासस

सम्पादकीय

# विद्रोही चेतका नेता भीमदत्त पन्तको सम्झना

*क्रान्तिकारी किसान नेता भीमदत्त पन्तबारे नयाँ पुस्तालाई खासै ज्ञान छैन । साउन १७ गते शहीद भीमदत्त पन्तको स्मृति दिवस हो । यो दिनलाई विचार र आन्दोलनको पुनः स्मरण र कार्यान्वयनको आह्वानका रुपमा मनाइएको छ । विसं १९८३ मङ्सिर १० गते डडेल्धुराको कारीगाउँमा जन्मिएका भीमदत्त पन्त, आमा सरस्वती पन्त र बुवा तारानाथ पन्तका सुपुत्र थिए । भारतको उत्तरप्रदेशस्थित सिंहाइबाट संस्कृत विषयमा अध्ययन गरेका उनलाई धार्मिक ग्रन्थ गीता र वैज्ञानिक समाजवादका विचारधारा माक्र्सवादको सङ्गमले थप विद्रोही बनायो । र यिनै पन्त सामाजिक न्यायका लागि समर्पित योध्दा बने । गीता र माक्र्सलाई आत्मसात् गरेर वर्गीय विभाजनमाथि प्रश्न उठाए ।*

*विसं २००७ देखि पन्तले सामन्ती सोच, छुवाछूत, श्रमशोषण र अन्यायविरुद्ध विद्रोहको झण्डा उठाए । उनले नेतृत्व गरेको आन्दोलनले भीमदत्त कांग्रेसको संज्ञा पाएको थियो । २००९ वैशाख २ गते डडेल्धुराको घटालथानमा उनले सबैलाई एउटै थालीमा जय दासको हातबाट कथित उपल्लो जातका व्यक्तिलाई पानी खुवाएर ऐतिहासिक सन्देश दिए कि कुनै जाति ठूलो सानो हुनेछैन । व्यवहारमै जातीय विभेद तोडेका पन्तले सबै जातजाति सँगै बसेर खाने परम्परा बसाए । दलित, मगर, थारू र अन्य उत्पीडित समुदायलाई सङ्गठित गर्दै मुक्ति सेना गठन गरे । गरिबका तमसुख जलाए । जोताहा किसानका पक्षमा पन्तको विद्रोह इतिहासमा उल्लेख छ ।*

*हलिया पनि नागरिक हो भन्ने आत्मविश्वास भीमदत्तले जगाएका हुन् । हलियाको आत्मसम्मानका संवाहक थिए, आन्दोलन पूरा नहँुदै उनले शहादत प्राप्त गरे । भीमदत्तको लोकप्रियताले स्थानीय ठालु र राज्य संयन्त्र डरायो, विसं २०१० साउन १७ गते, बुडरको गइलेकमा उनलाई गोली प्रहार गरियो । टाउको काटेर बाँसको टुप्पोमा झुण्ड्याएर आतङ्क सिर्जना गरियो । परिवार बहिष्कृत भयो, काजक्रिया गर्न दिइएन । अ पन्तको नारा थियो, 'कि त जोत हलो, कि त छोड थलो, हैन भने अब छैन भलो ।' बम्बै जाने रेलगाडीमा दिल्लीको माल आयो, गरिबका दिन आयो, ठालुको काल आयो । उठ जागरे, नेपाली नवजवान जागरे । पन्तका जनता जगाउने नारा थिए । विसं २०७२ फागुनमा सरकारले क्रान्तिकारी नेता पन्तलाई शहीद घोषणा गरेको हो ।*

# संविधान संशोधनको हल्ला मात्रै



श्रीमन नारायण

*नेपालमा अहिले संविधान संशोधनको निम्ति जति पनि विषय चर्चामा आएका छन् तीमध्ये एउटा पनि यस संवैधानिक व्यवस्थाको विपरीत छैन । संविधान जारी भएलगत्तै संविधानको धारा ४२ (१), ८४ (१) र २८६ (५) मा संशोधन भइसकेको छ ।*

संविधान बनेको झण्डै एकदशक हुन लागेको छ तर पनि यसको कार्यान्वयन पक्ष कमजोर देखिएको छ । संविधान कार्यान्वयनका लाि‌ग अझै कैयौँ ऐन कानून आवश्यक छन् भन्ने कुरा त स्वयम् सांसदहरुले पनि उठाउँदै आएका छन् । स्थानीय तह र प्रदेश सरकारको गुनासो आफ्नो ठाउँमा छदँ‌ैछ । विभिन्न तह र निकायका अधिकार सुनिश्चित गर्न र संवैधानिक ग्यारेन्टी दिन पनि संविधान संशोधन अपरिहार्य देखिन्छ । मधेशी दलहरु शुरुदेखि नै संविधन संशोधनको मागका पक्षमा छन् । वर्तमान संविधानलाई उनीहरुले अन्तरमनदेखि स्वीकार गरेका छैनन् । संविधान संशोधनको विषय केबल प्रकृयागत होइन, राजनीतिक दृष्टिकोण र पार्टीभित्रको इच्छाशक्तिको परीक्षाको विषय पनि हो । गठबन्धन सरकार यसमा गम्भीर र संवेदनशील हुनु आवश्यक छ । संविधान संशोधनको सवालमा नेपाली काँग्रेस यदाकदा लचिलो देखिए पनि नेकपा एमालेका अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओली त्यति बढी संवेदनशील र गम्भीर देखिएका छैनन् । केही महिनाअघि उनले विसं २०८७ अघि संविधानमा संशोधन हुन नसक्ने प्रष्ट पारेका थिए । नेकपा एमाले, राप्रपा र रास्वपा कहिल्यै संविधान संशोधनको पक्षमा उभिने छैन । नेकपा माओवादी र मधेशी दलको समर्थन मात्रले संविधान संशोधन सम्भव छैन । अहिले नेकपा माओवादी, जसपा नेपाल र नागरिक उन्मुक्ति पार्टी सरकारको विपक्षमा छ, यस्तोमा संविधान संशोधनको भविष्य झन जटिल देखिन्छ ।

राजनीतिक समस्याको समाधान विषयगत रुपमा मात्र भएर हुँदैन । प्रकृयागत रुपमा पनि सहभागिता र सम्मानबोध हुनुपर्छ । लोकतन्त्रमा राजनीतिक दल र तिनका नेताको भूमिका वैधानिक प्रकृया मजबुत बनाउने र बैधानिक प्रकृया प्रति सबैको विश्वास जगाउने खालको हुनुपर्छ । नेपालको संविधान २०७२ को निर्माणमा यस्तो भावना देखिएन । संविधानका निर्माताहरुले हतारहतारमा संविधान जारी गरेर आफूलाई कुनै ठुलो युद्ध जितेको जस्तो देखाउने काम गरेका थिए । हतारहतारमा संविधान जारी गरिएकै कारण देशमा राजनीतिक स्थायित्व कायम हुन सकिरहेको छैन । फास्टट्र्याकमार्फत संविधान जारी गर्नुको मुख्य उद्देश्य भनेको सिन्डिकेटमा आधारित राजनीतिको जरोलाई थप बलियो बनाउनु थियो । कसैलाई प्रधानमन्त्री त कसैलाई राष्ट्रपति, उपराष्ट्रपति र सभामुख बन्नु थियो । संविधान जारी भएलगतै नेकपा माओवादीको क्रान्तिकारी छवि धुमिल हुन पुग्यो र पार्टीको लोकप्रियतामा तीव्र गतिमा ह्रास हुन थाल्यो । जुन पार्टीले स्वायत्तता, सुशासन, आत्मनिर्णयको अधिकार, वर्गीय, जातीय, भाषिक एवम् सांस्कृतिक अधिकार र समानताको कुरा गरेको थियो, त्यस पार्टीले एमाले र कांग्रेसको मार्गचित्रमा हिँड्न आफूलाई डो¥यायो । भौतिक रुपमा कुनै व्यक्ति अथवा राजनीतिक दलको अवसान मात्रै त्यसको अन्त्य हुँदैन, यदि आफ्नो मौलिक चरित्र, राजनीतिक अडान र नैतिकवाट कोही च्युत हुन्छ, भन्ने त्यो पनि अवसान नै हो । कोही मरेर पनि अमर हुन्छन् तर कोही जीवित भएर पनि लाशसरह हुन्छन् । सैद्धान्तिक वैचारिक र नैतिकताको धरातलबाट च्यूत भएका नेताहरु जिउँदो लाशसरह हुन्छ, कतिपय मधेशी नेताहरुको अवस्था पनि यस्तै छ ।

अघिल्लो वर्ष नेपाली कांग्रेस र नेकपा एमालेबीच सत्ता साझेदारीक्रममा गरिएको सातबुँदे सहमतिमा संविधानको पुनरावलोकन र संशोधनको विषय पनि उल्लेख थियो । संविधान संशोधनको विषय नेपाली राजनीतिमा कुनै नयाँ मुद्दा होइन । देशका प्रमुख राजनीतिक दलहरुलाई जतिबेला मधेशी दलहरुको सहयोग र समर्थन चाहिएको हुन्छ, त्यतिबेला संविधान संशोधनको मुद्दा चर्चामा आउने गर्दछ । मधेशी दलहरुलाई पनि जब–जब सत्तामा पुग्ने चाहना हुन्छ, त्यतिबेला संविधान संशोधनको मुद्दालाई चर्को रुपमा उठाउने गरिन्छ । नेपाली कांग्रेस र नेकपा एमाले संविधान संशोधनका निम्ति इमानदार भएका भए अहिलेसम्म एउटा कार्यदल गठन गरिसकेको हुने थियो । नेपाली कांग्रेस र एमालेबीच सहमति भई अस्तित्वमा आएको गठबन्धन सरकारको एक वर्ष पूरा भइसकेको छ ।

यस अवधिमा संविधान संशोधनको लागि कुनै पहल भएको छैन । सरकारमा रहेका मधेशी दलहरु र विपक्षमा रहेका दलहरु पनि संविधान संशोधनका निम्ति सरकारमाथि दबाब बनाउने काम गरेनन् न त संसदमा यस विषयलाई प्रभावका साथ नै उठाउने काम गरे ।

नेपालको राजनीतिमा संविधान संशोधनको मुद्दा देशका प्रायः सबैजसो राजनीतिक दलहरुका निम्ति मागिखाने भाँडो सावित भएको छ । सत्तारुढ नेपाली कांग्रेसले संविधान संशोधनको विषयलाई चर्चामा ल्याउने कार्यदल गठन गर्ने निर्णय गरेको छ ।

सत्ताधारी गठबन्धनका प्रमुख सहयोगी नेपाली कांग्रेसले संविधान संशोधनका निमित दलीयस्तरमा कार्यदल गठन गर्नुभन्दा सरकारी स्तरबाटै एउटै कार्यदलको गठन गराएको भए त्यो बढी प्रभावकारी हुने थियो । संविधान संशोधन कुनै दलको स्वेच्छाचारी प्रयोजन वा सत्ता सन्तुलनको साधन बन्नु हुँदैन । यसलाई समावेशिता स्थायित्व र लोकतान्त्रिक संस्थाको सुदृढिकरणका लागि आवश्यक सुधारका रुपमा लिनु आवश्यक छ । अहिले कार्यदलमार्फत संसदीय अभ्यासमा देखिएका कमीकमजोरी र चुनौती समीक्षा गर्दै राजनीतिक दलविज्ञ र नागरिक समाजसँग संवाद गर्ने निर्णय पनि लोकतन्त्रको मर्मअनुकुल नै छ । संविधान संशोधनका लाि‌ग विगत एकदशक चर्चामा रहेका मुद्दालाई पनि समावेश गरिनु आवश्यक छ । संविधान कुनै असंशोधनीय दस्तावेज होइन । आवश्यकता र सन्दर्भअनुसार यसमा संशोधन सम्भव छ, तर त्यसका लागि संघीय संसदको दुवै सदनमा दुई तिहाई बहुमत आवश्यक पर्छ । हाल संसदमा दुई तिहाईको समर्थन जुटाउन सहज छैन । अघिल्लो प्रयासमा प्रतिनिधिसभामा दुई तिहाई बहुमत पुगेपनि राष्ट्रिय सभामा अपुग भएपछि संशोधन प्रस्ताव अघि बढन सकेको थिएन ।

कुनै पनि देशको संविधान धार्मिक महाग्रन्थ जस्तो अपरिवर्तनशील नभई, एउटा गतिशील दस्तावेज हुन्छ । देश र जनताको चाहना अनुसार यसमा संसोधन भई राख्नुपर्छ । जनताले माग गरेको बखत संविधानमा संसोधन हुँदा यो झन बढी उदार, लोकतान्त्रिक र विश्वसनीय हुन जान्छ, यसको स्वीकार्यता बन्छ । आफूहरुसित विगतमा भएका सहमतिलाई संविधानमा लिपिवद्ध गरिएन भन्ने गुनासो मधेशी दलहरुको रहिआएको छ ।

कुनै पनि देशको संविधान वकिलले लेखेको कानूनी दस्तावेज मात्रै हुँदैन, यसमा मानवीय संवेदना र अपेक्षा पनि परिलक्षित भएको हुनुपर्छ । भारतका संविधान निर्माता डा.भीमराव अम्बेडकरका अनुसार संविधानको भाषा र दिशा प्रष्ट प्रष्ट भएन भने, यो केशल शब्दहरुको जङ्गल मात्रै सावित हुन्छ । संविधानको धारा २७४ मा संशोधनको व्यवस्था छ । यस धाराको उपधारा (१) मा नेपालको सार्वभौमिकता, स्वाधीनता, भौगोलिक अखण्डता र जनतामा निहित सार्वभौमसत्ताको प्रतिकुल हुने गरी संविधानमा संशोधन गर्न सकिनेछ, भन्ने प्रावधान छ । नेपालमा अहिले संविधान संशोधनको निम्ति जति पनि विषय चर्चामा आएका छन् तीमध्ये एउटा पनि यस संवैधानिक व्यवस्थाको विपरीत छैन । संविधान जारी भएलगत्तै संविधानको धारा ४२ (१), ८४ (१) र २८६ (५) मा संशोधन भइसकेको छ ।

संविधान संशोधनका निम्ति नेपाली कांग्रेसले कार्यदल गठन गर्नु एउटा स्वागतयोग्य कदम हो तर आफनो निहित राजनीतिक स्वार्थपूर्ति गर्न मात्रै संशोधन गर्नु उचित हुनेछैन । विगत ९ वर्षदेखि संविधान संशोधनका लागि उठाइएका विषय पनि समेटिनु आवश्यक छ । संविधान संशोधन कार्यान्वयनको बाटो सहज छैन ।

यसको सफलता स्पष्ट दृष्टिकोण राजनीतिक इच्छाशक्ति र समावेशी संवाद प्रकृयामा निर्भर रहनेछ । कांग्रेसले समग्र राजनीतिक वृत्त समेटेर साझा समझदारी बनाउने कठिन प्रयास गर्नुपर्छ ।

सानो पहलमा ठूलो परिणामको अपेक्षा गर्नु अव्यवहारिक हुनेछ तर दीर्घकालीन तयारी र दृढ इच्छाशक्तिका साथ अघि बढे असम्भव भने पक्कै होइन । प्रादेशिक संसदवाट पारित भई आएका संघीय संसदले आवश्यकता महसुस गरेका र मधेशी दलहरु तथा पहिचान पक्षधरको संविधानसम्मत मागको सम्बोधन पनि संविधान संशोधनमार्फत हुन आवश्यक छ ।

# भटमासको तेल र सूर्यमुखी तेल निर्यातमा अप्रत्यासित वृद्धि



हेमन्त जोशी

*नेपालको निकासी व्यापारमा प्रमुख स्थान ओगट्ने भारततर्फको निर्यातमा गत आर्थिक वर्षमा मात्रै १ सय १७ दशमलव ८ प्रतिशतले वृद्धि भई दुई खर्ब २४ अर्ब ६८ करोड रुपैयाँ पुगेको छ । नेपालको कूल निकासीमा अघिल्लो आर्थिक वर्षको सोही अवधिमा भारततर्फको हिस्सा ६७ दशमलव ७१ प्रतिशत रहेकामा गत आवमा सो हिस्सा ८१ दशमलव १० प्रतिशत पुगेको छ ।*

गत आर्थिक वर्ष २०८१÷८२ मा नेपालले निर्यात गरेका वस्तुमा भटमास तेलको हिस्सा सबैभन्दा धेरै छ । फलामजन्य वस्तु र धागोपछि बढी निर्यात भएका वस्तुको चौथो स्थानमा सूर्यमुखी तेल छ । नेपालको आफ्नै उत्पादन नभइ बाहिरबाट आयात गरेर प्रशोधन र प्याकेजिङ गरी निर्यात भइरहेका यी वस्तुको आयात र निर्यात गत आर्थिक वर्षमा अस्वभाविक रूपमा बढेको देखिएको छ ।

व्यापार तथा निकासी प्रवद्र्धन केन्द्रका अनुसार गत आवमा भटमास तेलको निर्यात ११ हजार सात सय ३२ प्रतिशतले बढेको छ । नेपालले गतवर्ष गरेको कूल निर्यातमा भटमास तेलको हिस्सा मात्रै ३८ दशमलव ५ प्रतिशत छ । कुल दुई खर्ब ७७ अर्ब रुपैयाँको निर्यात गर्दा भटमास तेलको हिस्सा मात्रै एक खर्ब छ अर्ब ७९ करोड रुपैयाँ बराबर छ । 'समीक्षा अवधिमा भटमासको तेलको निर्यातमा ११ हजार ७ सय ३३ प्रतिशतले वृद्धि भई एक खर्ब छ अर्ब ७९ करोड रुपैयाँ पुगेको छ । फलाम तथा फलामजन्य उत्पादनको निर्यातमा छ दशमलव ०१ प्रतिशतले ह्रास आई १६ अर्ब ३६ करोड रुपैयाँमा झरेको छ,' केन्द्रले सार्वजनिक गरेको गत आवको वैदेशिक व्यापार वस्तुस्थिति प्रतिवेदनमा भनिएको छ ।

यस्तै, सूर्यमुखी तेलको निर्यातमा सात हजार ४ सय ३६ प्रतिशतले वृद्धि भई १२ अर्ब ३३ करोड रुपैयाँ पुगेको पनि प्रतिवेदनमा उल्लेख छ । केन्द्रका अनुसार गत आवमा धागोको निर्यातमा १९ दशमलव ८५ प्रतिशतले वृद्धि भई १४ अर्ब ४० करोड रुपैयाँ पुगेको छ । ऊनी गलैँचा निर्यातमा पनि एक दशमलव ९३ प्रतिशतले वृद्धि भई १० अर्ब ७८ करोड रुपैयाँ पुगेको छ । विदेशबाट कच्चा र अर्धप्रशोधित आयात गरेर सामान्य मूल्य अभिवृद्धिपछि निर्यात भइरहेका वस्तुको हिस्सा बढ्दै जाँदा नेपालका आफ्नै उत्पादनमा निर्यात भने अघिल्लो आर्थिक वर्षको तुलनामा घटेको देखिएको छ ।

'तयारी पोसाकको निर्यातमा दुई दशमलव ३९ प्रतिशतले ह्रास आई आठ अर्ब ७५ करोड रुपैयाँमा सीमित भएको छ भने प्लाइउडको निर्यातमा चार दशमलव २६ प्रतिशतले ह्रास आई सात अर्ब ०९ करोड रुपैयाँ पुगेको छ,' केन्द्रको प्रतिवेदनमा भनिएको छ, 'कृषिजन्य वस्तुको निर्यातमा अग्रणी स्थान हासिल गरिरहेको अलैँचीको निर्यातमा तीन दशमलव २४ प्रतिशतले ह्रास आई सात अर्ब ६८ करोड रुपैयाँ पुगेको छ ।' जुसको निकासीमा ११ दशमलव ४१ प्रतिशतले ह्रास आई सात अर्ब ७२ करोड रुपैयाँमा झरेको छ भने अदुवाको निर्यातमा ५० दशमलव ३८ ले ह्रास आई ५८ करोड रुपैयाँमा सीमित भएको छ ।

केन्द्रका अनुसार गत आर्थिक वर्षमा जुट तथा जुटका उत्पादनको निर्यातमा १६ दशमलव ८१ प्रतिशतले वृद्धि भई आठ अर्ब २३ करोड रुपैयाँ पुगेको भएको छ । यस्तै, ऊनी फेल्टको निकासीमा ७ सय १६ प्रतिशतले बढेर पाँच अर्ब १४ करोड रुपैयाँ पुगेको छ । यसैगरी कृषिजन्य वस्तुको निर्यातमा अग्रणी स्थान हासिल गरिरहेको अर्को उत्पादन चियाको निर्यातमा पनि २६ दशमलव ६४ प्रतिशतले वृद्धि भई चार अर्ब ५९ करोड रुपैयाँ पुगेको छ । पिना (आयल केक) को निर्यातमा २२ दशमलव ८० प्रतिशतले वृद्धि भई तीन अर्ब ६३ करोड रुपैयाँ पुगेको केन्द्रले जनाएको छ ।

नेपालको निकासी व्यापारमा प्रमुख स्थान ओगट्ने भारततर्फको निर्यातमा गत आर्थिक वर्षमा मात्रै १ सय १७ दशमलव ८ प्रतिशतले वृद्धि भई दुई खर्ब २४ अर्ब ६८ करोड रुपैयाँ पुगेको छ । नेपालको कूल निकासीमा अघिल्लो आर्थिक वर्षको सोही अवधिमा भारततर्फको हिस्सा ६७ दशमलव ७१ प्रतिशत रहेकामा गत आवमा सो हिस्सा ८१ दशमलव १० प्रतिशत पुगेको छ । नेपालको निर्यात व्यापारमा महत्त्वपूर्ण रहेका अन्य मुलुकमा संयुक्त राज्य अमेरिका, जर्मनी, युके, युएई, चीन, फ्रान्स, अष्ट्रेलिया, जापान, इटाली, क्यानडा, टर्की, नेदरलेण्ड्स र अफगानिस्तान प्रमुख रुपमा रहेका छन् ।

यसैगरी आयाततर्फ पनि सबैभन्दा बढी वृद्धि देखिएको वस्तुमा कच्चा भटमास तेल पहिलो स्थानमा छ । गत आवमा कच्चा भटमास तेलको आयातमा ७ सय ११ दशमलप ९६ प्रतिशतले वृद्धि भई एक खर्ब आठ अर्ब ९५ करोड रुपैयाँ पुगेको छ । गत आवमा अघिल्लो आर्थिक वर्षको तुलनामा पेट्रोलियम पदार्थको आयातमा चार दशमलव २९ प्रतिशतले ह्रास आई दुई खर्ब ८७ अर्ब ६५ करोड रुपैयाँमा झरेको छ । फलाम तथा स्टिल र तिनका उत्पादनको आयातमा १० दशमलव १८ प्रतिशतले वृद्धि भई एक खर्ब ६२ अर्ब ५० करोड रुपैयाँ पुगेको छ । मेसिनरी तथा पाटपुर्जाको आयातमा १२ दशमलव ९८ प्रतिशतले वृद्धि भई एक खर्ब २४ अर्ब १५ अर्ब रुपैयाँ पुगेको छ ।

यस्तै, इलेक्ट्रिक र इलेक्ट्रोनिक सामग्रीको आयातमा पाँच दशमलव ६८ प्रतिशतले वृद्धि भई ७३ अर्ब ८८ करोड रुपैयाँ, यातायातका साधन र तिनका पार्टपुर्जाको आयातमा २७ दशमलव २६ प्रतिशतले वृद्धि भई एक खर्ब नौ अर्ब १२ करोड रुपैयाँ पुगेको छ । कच्चा पाम तेलको आयातमा भने ३५ दशमलव ६८ प्रतिशतले ह्रास आई छ अर्ब ८२ करोड रुपैयाँमा सीमित भएको छ ।

यसैगरी, गत आर्थिक वर्षमा अन्नको आयातमा ३२ दशमलव ७२ प्रतिशतले वृद्धि भई ६० दशमलव ७८ अर्ब रुपैयाँ पुगेको छ भने तयारी पोसाकको आयातमा १६ दशमलव ७९ प्रतिशतले वृद्धि भई ४१ अर्ब रुपैयाँ पुगेको छ । गत आवमा ४३ अर्ब ८ करोड रुपैयाँ बराबरको दूरसञ्चारका सामग्री र १९ अर्ब ९५ करोड रुपैयाँ बराबरको सुन आयात भएको पनि केन्द्रले जनाएको छ । नेपालको पैठारी व्यापारमा प्रमुख स्थानमा रहेका मुलुकहरुमा भारत, चीन, अर्जेन्टिना, संयुक्त राज्य अमेरिका, युएई, युक्रेन, अष्ट्रेलिया, इण्डोनेसिया, थाइलेन्ड, मलेशिया, ब्राजिल, फ्रान्स, कतार र क्यानडा प्रमुख रुपमा रहेका छन् ।

केन्द्रको तथ्याङ्कअनुसार गत आवमा नेपालको कुल वैदेशिक व्यापार (वस्तुतर्फ) अघिल्लो वर्ष २०८०÷८१ को तुलनामा १९ दशमलव दुई प्रतिशतले वृद्धि भई २० खर्ब ८१ अर्ब १५ करोड रुपैयाँ पुगेको छ । कुल व्यापारमा निकासीको योगदान १३ दशमलव तीन प्रतिशत र पैठारीको योगदान ८६ दशमलव सात प्रतिशत रहेको छ । भटमास र सूर्यमुखी तेल निर्यात बढ्दा गत आवमा नेपालको कूल निकासी ८१ दशमलव ८ प्रतिशतले वृद्धि भई दुई खर्ब ७७ अर्ब तीन करोड रुपैयाँ पुगेको छ । त्यस्तै, गत आवमा नेपालले कुल १८ खर्ब चार अर्ब १२ करोड रुपैयाँ बराबरको वस्तु आयात गरेको छ । अघिल्लो आवको तुलनामा गत आवमा निकासी र पैठारी दुवैमा वृद्धि हुँदा व्यापारघाटामा छ प्रतिशतले वृद्धि भई कुल व्यापारघाटा १५ खर्ब २७ अर्ब नौ करोड रुपैयाँ पुगेको केन्द्रले जनाएको छ । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ ।

# आयोगद्वारा पीडित र सरोकारवालासँग परामर्श

**काठमाडौँ ।**
बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोगले पीडितको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै सत्य तथा न्याय सुनिश्चित गर्न दृढ रहने प्रतिबद्धता जनाएका छन ।

सो आयोगसम्बन्धी ऐन, २०७१ मा भएको तेस्रो संशोधनअनुरूप नियमावली तयार गर्न पीडित र सरोकारवालासँग आयोगले परामर्श गरेको थियो । उक्त कार्यक्रममा सरोकारवालालाई केन्द्रमा राखी उनीहरुको सहभागिता सुनिश्चित गर्नुपर्नेमा जोड दिइएको छ ।

आयोगले पूर्वपदाधिकारी, पूर्वसचिव, बेपत्ता पारिएका व्यक्तिका परिवार, सरकारका विशिष्ट श्रेणीका पदाधिकारी, वरिष्ठ अधिवक्ता, अधिवक्ता तथा सरोकारवालासँग परामर्श लिएको थियो ।

परामर्शमा मुख्यतः आयोगमा रहने इकाइ, त्यसमा रहने विषय विज्ञ, सत्य अन्वेषण, छानबिन तथा अनुसन्धानका व्यवस्था, परिपूरण, मनोसामाजिक परामर्श, सुरक्षा, गोपनीयतासँग सम्बन्धित व्यावहारिक चुनौती तथा अवसरका बारेमा सुझाव प्राप्त भएको आयोगका सदस्य एवं प्रवक्ता सिर्जना पोखरेलले जानकारी दिए ।

विगतका कानुनी एवं व्यावहारिक चुनौती र आगामी दिनमा गर्नुपर्ने सुधारका बारेमा विस्तृत छलफल भएको आयोगले जनाएको छ । ऐनमा भएको तेस्रो संशोधनअनुसार तयार गरिएको आयोगको नियमावलीमा प्राप्त सुझावले कार्य सञ्चालनलाई विधिसम्मत बनाउन महत्त्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

प्राप्त सुझावलाई नियमावलीको प्रारम्भिक मस्यौदामा समावेश गरी सरकारसमक्ष परामर्श दिने प्रतिबद्धता जनाइएको पनि उनले बताए । सो सुझावले पीडित मैत्री किसिमले सङ्क्रमणकालीन न्यायलाई तार्किक निष्कर्षमा पुऱ्याउन कोशेढुङ्गा साबित हुने अपेक्षा आयोगको छ ।रासस

# ‘देश समृद्ध बनाउन जोखिम मोलेरै काम गर्नुपर्छ’

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शङ्कर पोखरेलले देश समृद्ध बनाउन जोखिम मोलेरै काम गर्न सक्नुपर्ने बताएका छन । रिटर्नी फेडेरेशन नेपालले केही स्वदेशी लगानीकर्ताको सामूहिक लगानीमा स्थापना गरिएको ‘नवयुग इन्भेष्टमेन्ट कम्पनी लिमिटेड’ को शुभारम्भ गर्दै देश समृद्ध बनाउन जोखिम मोलेरै काम गर्नुपर्ने बताए ।

‘म बनाउँछु मेरो देश’ भन्ने भावनाका साथ लाग्ने हो भने नेपाललाई समृद्ध मुलुक बनाउन सकिने उनको भनाइ छ ।

महासचिव पोखरेलले परम्परागत निर्वाहमुखी काम गरेर देश समृद्ध नहुने र परम्परागत ढाँचाले मात्रअघि बढ्दा फेरि अभावकै दुष्चक्रमा फस्नुपर्ने बताए ।

‘अर्थतन्त्रमा निर्वाहमुखी, पारिवारिक उत्पादनमुखी, गुजारामुखी ढाँचाको रहेको छ । औद्योगिक क्षेत्र पनि कर्पोरेट कल्चरमा ढालिएकै छैन । कम्पनी पारिवारिक कम्पनीकै ढाँचामा छन’, उनले भने, ‘कम्पनी साँच्चै पब्लिक बन्न सकेका छैनन् ।’

महासचिव पोखरेलले नेपाल चर्चा गरिएको जस्तो गरिब मुलुक नभएको उल्लेख गर्दै नेपालको सामथ्र्य के छ भन्ने कुरा नेपालीले बुझ्न नसकेका बताए । महासचिव पोखरेलले नेपाल भित्रिने रेमिट्यान्सको अधिकांश हिस्सा नेपाल आएर काम गर्ने भारतीय कामदारले नै लैजाने गरेका बताए ।

फेडेरेशनका अध्यक्ष विनोद भट्टराईले विदेशबाट फर्केकालाई लगानीको वातावरण सुनिश्चित गर्नुपर्ने बताए ।रासस

# पद्मश्री साहित्य पुरस्कारका लागि उत्कृष्ट पाँच पुस्तक सार्वजनिक

**काठमाडौँ ।**
खेमलाल हरिकला लामिछाने प्रतिष्ठानले प्रदान गर्ने पद्मश्री साहित्य पुरस्कारका लागि उत्कृष्ट पाँच पुस्तक सार्वजनिक गरेको छ ।

प्रतिष्ठानले विसं २०६३ देखि नेपाली साहित्यमा वर्षभरि प्रकाशित पुस्तकमध्ये उत्कृष्टलाई पद्मश्री साहित्य पुरस्कार अर्पण गर्दै आएको छ । गत असार १५ गते पहिलो चरणमा उत्कृष्ट १५ पुस्तकको सूची सार्वजनिक गरिएको थियो ।

अहिले छनोट प्रक्रियाको दोस्रो चरणमा विस्तारित सूचीका १५ पुस्तकबाट पाँच पुस्तकलाई पद्मश्री उत्कृष्ट पुस्तक (संक्षिप्त सूची) निर्णायक मण्डलको सिफारिस बमोजिम सार्वजनिक गरिएको प्रतिष्ठानका अध्यक्ष जीवा लामिछानेले जानकारी दिए ।

छनोट भएका कृतिहरुमा छुदेन काविमोको आख्यान ‘उरमाल’, रमेश भुसालको गैह्रआख्यान ‘छालबाटो’, भवानी खतिवडाको नियात्रा ‘प्रणाम सगरमाथा’, सरस्वती प्रतीक्षाको ‘स्व’ उपन्यास र तीर्थ गुरुङको उपन्यास ‘हिउँको गीत’ रहेको छ ।

उनले यही सूचीबाट समितिले पद्मश्री साहित्य पुरस्कारका लागि उत्कृष्ट पुस्तक चयन गर्नेछ । उक्त पुरस्कारको राशी रू ३ लाख रहेको छ ।रासस

# प्रधानमन्त्री ओलीलक्षित प्रकाश ज्वालाको टिप्पणीः ‘मुहान नै धमिलो छ, देश यतिबेला भ्रष्टाचारले दुर्गन्धित छ’

**काठमाडौं ।**
नेकपा (एकीकृत समाजवादी) का उपाध्यक्ष प्रकाश ज्वालाले यतिबेला देशमा देखिएका समस्याको मूल जड सरकार रहेको बताएका छन् ।

उनले सरकारले अभिभावकको भूमिका निर्वाह गर्न नसकेको बताए । अहिले देशका सरकार भएको अनुभूति नै नरहेको उनको भनाई छ । उनले अहिले देश सरकारविहीनताको अवस्थामा रहेको जस्तो भान भइरहेको पनि बताए ।

‘यतिबेलाको समस्याका जड भनेको, समस्याको कारक भनेको सरकार नै हो । सरकार जनताको अभिभावक हो, अभिभावकको भूमिका उसले निभाउनुपर्छ । तर, यो देशमा सरकार छ भन्ने अनुभूति नै छैन । सरकारविहीनताजस्तो एकखालको असक्षमता सरकारले देखाएको छ । गैरजिम्मेवारीपन सरकारले देखाएको छ,’उनले भने ।

नेता ज्वालाले सरकार जनताप्रति जवाफदेही बन्न नसकेको, प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको मन्त्रिपरिषद्का अधिकांश मन्त्रीहरु भ्रष्टाचारमा मुछिएको र प्रधानमन्त्री र मन्त्रीहरु नाङ्गो तरिकाले घुसखोरी, भ्रष्टाचार र अनियमिततामा जोडिएको बताए ।

उनल भने, ‘सरकार काम कुरा एकतिर, कुम्लो बोकी ठिमीतिर भनेको जस्तै गर्नुपर्ने तमाम कामहरु छन् । भ्रष्टाचारका ठूला–ठूला घटनाहरु भइरहेका छन् । मन्त्रिपरिषद्भित्रका अधिकांश मन्त्रीहरु यतिबेला विवादमा छन् । भ्रष्टाचार, घुस, तमाम खालका घटनाहरुसँग जोडिएका छन् । प्रत्यक्ष रुपमा नाङ्गो तरिकाले मन्त्रीहरु घुसखोरी, भ्रष्टाचार, अनियमितता र अनेकथरी विवादमा जोडिएका छन् । सरकार आफ्नो तालमा बादल बजाइरहेको छ ।’

साथै, सरकार बनेको एक वर्ष नाघिसक्दा पनि प्रधानमन्त्री र मन्त्रीहरुले आफ्नो सम्पत्ति विवरण पनि सार्वजनिक नगरेको उनले बताए । उनले प्रधानमन्त्री ओलीको नेतृत्वमा गठन भएको सुशास समितिलाई ‘कुशासन समिति’ को संज्ञा दिए । सरकारले कुशासनलाई प्रश्रय दिइरहेको घुसखोरीहरु छाती खोलेर हिँडिरहेको उनले बताए ।

‘त्यो सुशासन समिति हो कि कुशासन समिति हो मैले त संसद्मा त्यसको नाम कुशासन समिति राखेको छु । किनभने कुशासनलाई प्रश्रय दिइरहेको छ,’उनले भने, ‘घुसखोरहरु छाती खोलेर हिँडिरहेका छन्, भ्रष्टाचारीहरु कहीकतै डराउन पर्दैन । भ्रष्टाचारीहरुलाई कारबाही हुँदैन । सरकार जनताप्रति जवाफदेही, जिम्मेवार होइन, सरकार केही निश्चित दलालहरु, नोकरशाहहरु, विचौलियाहरु, माफियाहरु, भूमाफियाहरु, तस्करहरुको सेवकको रुपमा यो सरकार रहेको छ ।’

उनले प्रधानमन्त्री ओली नेतृत्वको सरकारलाई ‘तस्करहरुको सरकार र कठपुतलीहरुको सरकार’ को संज्ञा दिए ।

‘तस्कहरुको कठपुतली सरकार रहेको छ । यो सरकार विचौलियाहरुको कठपुतलीजस्तो छ । यो जनताको सररकार होइन, कठपुतली सरकार हो, माफियाको सरकार हो । यसका धेरै तथ्यहरु, आधारहरु हामीसँग छन्,’उनले भने ।

साथै, कांग्रेस–एमाले गठबन्धन सरकार बन्दाखेरी भएको सहमतिको बुँदामध्येको प्रमुख संविधान संशोधन अहिले बेबारिसे बनेको उनले बताए । सुशासन भदिने भनिएकोम अहिले जताततै अनियमितता र भ्रष्टाचार रहेको उनले बताए ।

‘उनीहरुले केही मुद्दाहरुसित सहमति गर्यौं भनेर नौटङ्की गरे । संविधान संशोधनको कुरा गरियो । संविधान संशोधनको मुद्दा यतिबेला बेवारिसे बनेको छ । कसैलाई मतलब नै छैन । सरकारलाई त्यो विषयमा कुनै सरोकार छैन । सुशासन दिने भनेर कमिटमेन्ट गरियो । सुशासनको हालत मैले भनिसके । जताततै घुसखोरी छ, अनियमितता छ, भ्रष्टाचार छ,’नेता ज्वालाले भने ।

# प्रधानमन्त्री ओलीबाटै वर्तमान शासकीय प्रणालीमाथि चुनौतीः महासचिव देव गुरुङको आरोप



**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का महासचिव देव गुरुङले वर्तमान शासकीय प्रणालीमाथि नेकपा (एमाले) अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीबाट नै चुनौती आइरहेको आरोप लगाएका छन् ।

काठमाडौँमा आयोजित एक कार्यक्रममा बोल्दै उनले प्रधानमन्त्री ओलीले संविधान, लोकतन्त्र र वर्तमान व्यवस्थामाथि बारम्बार आक्रमण गर्दै आएको आरोप लगाए । ‘ओलीजी राज्यका अंगहरू छिन्नभिन्न पार्ने, पार्टी विभाजन गर्ने र प्रणाली असफल पार्ने दिशामा लागिरहनु भएको छ,’ गुरुङले भने । उनका अनुसार अहिलेको वास्तविक प्रश्न २०८४ सालमा निर्वाचन हुन्छ कि हुँदैन भन्ने नभई, वर्तमान व्यवस्था बाँच्छ कि बाँच्दैन भन्ने हो । उनले संसद २०८४ सम्म चल्ने कि नचल्ने भन्ने विषयमा समेत आशंका व्यक्त गरे ।

गुरुङले प्रधानमन्त्री ओलीलाई वृहत् शान्ति सम्झौता विरोधी व्यक्तिको रूपमा चित्रित गर्दै, उनको सोच लोकतन्त्र र संविधानको रक्षाभन्दा पद प्रतिष्ठाका लागि शक्तिकेन्द्रहरूको उक्साहटमा व्यवस्था असफल पार्नेतर्फ केन्द्रित भएको आरोप लगाए ।

‘०८४ सम्म पुग्दासम्म बृहत्तर रूपमा कम्युनिष्ट एकता हुने निश्चितजस्तै छ,’ उनले भने, ‘कम्युनिष्टहरू नै मुलुकमा पहिलो शक्ति बन्ने छन् र माओवादी त्यो अभियानको अग्रपङ्तिमा रहनेछ ।’

उनले थपे, ‘यो अहिलेको लडाइँ पार्टी कसले जित्छ भन्नेभन्दा पनि व्यवस्थाको रक्षा कसरी गर्ने भन्ने हो । लोकतन्त्र, संविधान र राष्ट्रियता जोगाउन दलहरू एकताबद्ध भएर अगाडि बढ्न जरुरी छ ।’

महासचिव गुरुङले विगतमा पनि दुई पटक वर्तमान व्यवस्थामाथि प्रहार भइसकेको स्मरण गराउँदै भविष्यमा पुनः यस्तो प्रयास हुनसक्ने सम्भावना औंल्याए। साथै, उनले व्यवस्थापिका संसद समय–समयमा बलीको बोको बनिरहने अवस्थाको अन्त्य गर्नुपर्ने धारणा पनि व्यक्त गरे ।

‘प्रणालीमाथि अझै ठूलो जोखिम छ,’ उनले भने, ‘०८४ को चुनाव मात्र होइन, यसबीचमा संविधानिक स्थायित्वको सवाल पनि हाम्रो मुख्य चासो हो ।’

# अग्रज र शहीदका सङ्कल्प पूरा गर्न दृढताका साथ लाग्नुपर्छः प्रधानमन्त्री



**ललितपुर ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले वाम–लोकतान्त्रिक आन्दोलनका अग्रज र सहिदका सङ्कल्पलाई पूरा गर्न दृढताका साथ लाग्नुपर्ने बताएका छन ।

तुल्सीलाल स्मृति प्रतिष्ठानद्वारा शनिवार आयोजित २८औँ तुल्सीलाल स्मृति दिवसका अवसरमा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले देशभक्तिपूर्ण आन्दोलन र समृद्धिको सपना पूरा गर्न आजको पुस्ता दृढताका साथ अघि बढ्नुपर्नेमा जोड दिएका हुन ।

नेकपा (एमाले) का अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीले तुल्सीलालले निष्ठा र त्यागको राजनीतिका आधारमा देखाएको आदर्शलाई पछ्याउँदै अघि बढ्ने सङ्कल्प गर्नुपरेको बताए । उनले संविधानसभाबाट गणतन्त्र ल्याउने अग्रजहरुको लामो समयदेखिको दूरदृष्टिकै आधारमा संविधानसभाले नेपालको संविधान बनाएको स्मरण गरे । कार्यक्रममा प्रतिष्ठानद्वारा सञ्चालित काठमाडौँ उपत्यकाव्यापी माध्यमिक विद्यालयस्तरीय हाजिरीजवाफ प्रतियोगिताका विजेताहरुलाई पुरस्कार प्रदान गरिएको थियो भने प्रा श्यामसुन्दर शेर्पाको बुद्धका विचारसम्बन्धी पुस्तक विमोचन गरिएको थियो । रासस

# ‘कांग्रेसमा युवालाई आबद्ध गराए लोकतन्त्र बलियो हुने’

**विराटनगर ।**
नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले नेपाली कांग्रेसमा युवाहरुलाई आबद्ध गराए लोकतन्त्र बलियो हुने बताएका छन ।

नेपाली कांग्रेस विराटनगर–४ वडा समितिले शनिवार आयोजना गरेको क्रियाशील ज्येष्ठ नागरिक सम्मान समारोहमा उनले लोकतन्त्रको स्थायित्वका लागि कांग्रेसप्रति युवाको आकर्षण बढाउन सुझाव दिए । प्रतिनिधिसभाका सदस्यसमेत रहनुभएका नेता डा कोइरालाले ‘लोकतन्त्रको पर्यायवाची नै कांग्रेस भएकाले लोकतन्त्र कमजोर भएमा लोकतन्त्र र देश कमजोर हुने धारणा राखे ।

उनले भने, ‘लोकतन्त्रको स्थायित्व र देशको विकासका लागि कांग्रेसको भूमिकाबारे युवामा जनचेतना जागृत गराउनु आजको आवश्यकता हो ।’, नेता डा कोइरालाले जीवन्त र लोकतान्त्रिक पार्टीमा आन्तरिक प्रतिस्पर्धा हुनुपर्ने बताउँदै अन्य पार्टीहरूसँगको प्रतिस्पर्धामा कांग्रेस एकढिक्का भएर लाग्नुपर्नेमा जोड दिए ।

राजनीतिक दलको नेता भएपछि अन्य दलका नेताहरुसँग भेटघाट गर्नु सामान्य भएअनुसार पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी, पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ लगायतका नेताहरुसित आफूले भेटघाट एवं छलफल गरेको बताए ।

सो अवसरमा ७२ वर्ष उमेर पार गरेका ज्येष्ठ क्रियाशील सदस्यहरु सुरेश तिम्सिना, सीयाराम मण्डल राजवंशी, तेतरी राजवंशी, कृष्णमोहन कार्की, मणिराज निरौला, दुखाराम गच्छदार, नखबहादुर खड्का, साजीलाल माझी, थिरबहादुर नेपाली र हेमनारायण चौधरीलाई सम्मान गरिएको थियो ।रासस

# एमाले सिद्धान्तबाट च्यूत भइसकेको पुष्टि भयोः भीम रावल



**काठमाडौं ।**
नेता भीम रावलले एमालेलाई सही ठाउँमा ल्याउन खोज्दा ‘तानाशाही शक्ति’ लगाएर आफूलाई निकालेको आरोप लगाएका छन् ।

बिहीबार सञ्चारकर्मीहरुसँग कुरा गर्दै उनले एमाले सिद्धान्तबाट च्यूत भएर विधि, प्रणाली, सिद्धान्तमा नरहेको र सिद्धान्त ल्याउन खोज्दा आफूलाई निकालेको टिप्पणी गरेका हुन् ।

उनले भने, ‘मैंले विद्रोह गरेको होइन, सिद्धान्तबाट च्यूत भएर उनीहरुले नै विद्रोह गरेका हुन् ।

मैंले ठिक ठाँउमा आउ भनेकाले निरङकुश र तानाशाही शक्ति लगाएर निकालियो ।

मैले जुन विधि, प्रणाली, सिद्धान्तमा पार्टी हिडेनन् भनेको थिए । त्यसको पुष्टि भएको छ ।’

उनले नेपालका सबै राजनीतक दलहरु राष्ट्रिय हित र मर्यादामा नरहेकाले सबै पार्टीभित्र भाडभैंलो भएको बताए ।

‘म टिप्पणी गर्दिन । तर नेपालका सबै राजनीतिक दलहरु राष्ट्रिय हित र मर्यादामा छैनन् ।

पार्टीहरुले घोषित नीति, विधि केही पनि नमानेकाले यत्रतत्र सर्वत्र भाडभैलो त्यसकै कारण भएको हो,’उनले भने ।

# लोथरमा पेट्रोलियम पदार्थ भण्डारण गृह निर्माण गरिने

**चितवन ।**
यहाँको लोथर खोला र राप्ती दोभानको किनारमा पेट्रोलियम पदार्थ भण्डारण गृह निर्माण गरिने भएको छ । सो स्थानमा अमलेखगञ्ज–लोथर पेट्रोलियम पाइपलाइन विस्तार गरी भण्डारण गृह निर्माण गरिने भएको हो ।

भण्डारण गृह बनाउन राप्ती नगरपालिका–१ मा २३ विगाहा १२ कठ्ठा जमिन नेपाल आयल निगमले खरिद गरेर साइट अफिस सञ्चालनमा ल्याइसकेको छ । चितवन र मकवानपुर जोड्ने लोथर पुलबाट ७०० मिटर पश्चिम लोथर खोलाको बाँध सम्म नियमले जग्गा लिएको हो । नेपाल आयल निगम र इण्डियन आयल कर्पोरेशनको सहकार्यमा १५ अर्ब रुपैयाँ लगानीमा अमलेखगञ्ज लोथर पेट्रोलियम पाइप लाइन तथा भण्डारण गृह निर्माण गरिँदै छ । आयल निगमले १० अर्ब रुपैयाँ र इन्डियन आयल कर्पोरेशनले पाँच अर्ब रुपैयाँ लगानी गरेर परियोजना सम्पन्न गर्न लागिएको हो । जग्गा खरिदमा ६० करोड रुपैयाँ खर्च भइसकेको छ भने १० करोड रुपैयाँ मा थप जग्गा खरिद प्रक्रियामा रहेको आयोजनाले जनाएको छ ।

आधुनिक प्रविधिबाट ग्रिनफिल्ड टर्मिनल निर्माण गर्न लागिएको हो । ६२ किलोमिटर लामो पाइपलाइन निर्माण गरी जुनसुकै बेला तीन हजार २०० किलोलिटर इन्धन क्षमताको भण्डारण गृह निर्माण गर्न लागिएको हो । वार्षिक दुई करोड टन इन्धन ढुवानी गर्न सक्ने क्षमताको पाइप लाइन बनाउन लागिएको हो । तीन वर्षभित्रमा काम सक्ने जनाइएको छ ।

सो भण्डारण गृह निर्माण गर्दा लोथर खोला र राप्ती नदीमा बलियो तटबन्धन निर्माण हुने स्थानीयवासीले आशा गरेका छन् । यससँगै रोजगारी प्राप्त हुने र व्यवसाय सञ्चालन गर्न सकिने उनीहरुको विश्वास छ । स्थानीय यमनाथ भट्ट भण्डारण गृह बनेसँगै बाढीको जोखिम घट्ने, रोजगारी पाइने र व्यवसाय चल्नेमा विश्वस्त छन् । उनले भने 'यो आयोजनाले हामी स्थानीयलाई फाइदा नै पुग्छ भन्ने आशामा छौँ ।' स्थानीय दीपक खड्काले आयोजना बनेसँगै कृषि उत्पादनले स्थानीय रुपमा बजार पाउने बताउछन । उनले भने, 'जे काम जानिएको छ, मिल्दो काम त्यहाँ पाउन सकिन्छ ।'

वडा अध्यक्ष सिद्धिलाल स्याङतान भण्डारण गृह बनेसँगै पूर्वी चितवन बाढीबाट सुरक्षित हुने बताए । उनले भने 'यो चितवनकै गौरवको परियोजना हो, यसले दक्षता र क्षमता अनुसार स्थानीयलाई रोजगारी दिन्छ ।' दैनिक पाँच सयभन्दा बढी ट्याङ्कर ओहोरदोहोर गर्ने भएकाले यहाँका सानातिना होटल, रेष्टुरेन्ट, लजलाई फाइदा पुग्ने उनको भनाई छ । रासस

# दुनाटपरी बनाएर आत्मनिर्भर बने महिला समूह

**कैलाली।**
यहाँको धनगढी उपमहानगरपालिका–७ देवरीयाका पाँच जनाको महिला समूहले दुनाटपरी बनाएर आत्मनिर्भर बनेका छन्। स्थानीय सीता चौधरी, कमला चौधरी, भुलिया चौधरी, विनिता रेग्मी र सविता चौधरीले दुई वर्षदेखि देवरियामा 'जाखौरबाबा महिला विकास दुनाटपरी उद्योग' सञ्चालन गर्दै आएका छन् । उनीहरुले सुरुमा वडा कार्यालयबाट दुनाटपरी बनाउने तालिम लिएका थिए।

वडा कार्यालय र धनगढी उपमहानगरपालिकाले सो समूहलाई दुनाटपरी बनाउने दुई वटा मेसिन निःशुल्क उपलब्ध गराएको छ । मेसिनको प्रयोगले दुनाटपरी उत्पादन गर्न अझै सहज भएको छ । दुनाटपरी उद्योग सञ्चालकमध्येकी सीता चौधरीले वडाबाट प्राप्त दुनाटपरी बनाउने



तालिमबाट आफूहरु आत्मनिर्भर बनेको बताईन । उनले भने, 'यसभन्दा पहिले हामी घरको काममा मात्र सीमित थियौँ। जब दुनाटपरी बनाउने तालिम लियौँ, त्यसपछि कमाइ राम्रै छ।'

दिनमा एक हजार दुना र ३०० जति टपरी उत्पादन गर्दै आएको उनले बताईन । जसबाट मासिक ३० हजार रुपैयाँ जतिको कारोबार हुने गरेको छ। दुना सानो साइजको ७० पैसा रुपैयाँ , एक नम्बरको ८० रुपैयाँ, दुई नम्बरको एक रुपैयाँ, तीन नम्बरको डेढ रुपैयाँ र टपरी साढे तीन रुपैयाँमा बिक्री गर्ने गरेको उनले बताईन। दुनाटपरी बिक्री गरी प्राप्त पैसा समूहमा जम्मा गर्ने गरेको अर्की सञ्चालक कमला चौधरीले बताईन। यसरी समूहमा जम्मा गरेको पैसाले आपतविपद्, गाह्रो, अप्ठ्यारो तथा घरायसी समस्या आइपरेको खण्डमा ठूलो समस्या टर्ने गरेको उनको भनाइ छ।

दुनाटपरी कारोबारबाट दुई वर्षयता समूहमा बचत गरेको ६० हजार रुपैयाँ का दरले एक जनाको भाग परेको उनले बताईन। 'सुरुमा कामको खोजीमा थियौँ, के गर्ने, कसो गर्ने भन्ने अन्यौलमा थियौँ', उनले भने, 'जब वडाबाट तालिम लियौँ आफ्नो हातमा सीप भइसकेपछि हिजोआज ढुक्कले घर खर्च चलिरहेको छ।'

सुरुसुरुमा दुनाटपरी बिक्रीका लागी समस्या हुने गरेता पनि हिजोआज समस्या नभएको समूहकी सविता चौधरीले बताईन।रासस

# अमेरिका–रूस तनावः कच्चा तेलको मूल्य प्रतिब्यारेल ८० अमेरिकी डलर पुग्न सक्ने

**काठमाडौं ।**
संयुक्त राज्य अमेरिका र रूसबीचको तनावका कारण आगामी महिनाहरूमा ब्रेन्ट कच्चा तेलको मूल्य प्रति ब्यारेल ८० अमेरिकी डलरसम्म पुग्ने अनुमान गरिएको छ ।

रूसले विश्वव्यापी तेल आपूर्ति शृङ्खलामा बाधा पु¥याउने खतरा रहेको तेल बजारले औंल्याएको भारतीय सञ्चार माध्ययम एएनआईसँगको कुराकानीमा विज्ञहरूले बताएका छन ।

भूराजनीतिक जोखिम बढ्दै जाँदा तेलको मूल्यमा उच्च दबाब पर्न सक्छ । भेन्चुरामा कमोडिटीज तथा सीआरएम प्रमुख एनएस रामास्वामीले भने, "ब्रेन्ट आयल (अक्टोबर'२५) सम्म ७२.०७ अमेरिकी डलरबाट ७६ अमेरिकी डलरको पुग्न सक्ने बताइएको छ ।

वर्षको अन्त्य २०२५ मा ८०–८२ अमेरिकी डलर पुग्न सक्छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनमा युद्ध अन्त्य गर्न रूसलाई १०–१२ दिनको समयसीमा दिएका छन्, जुन असफल भएमा रूससँग व्यापार गर्ने देशहरूमा थप प्रतिबन्ध र १०० प्रतिशतको दोहोरो करको जोखिम छ, जसले तेलको मूल्यलाई बढावा दिनेछ ।

अमेरिकी राष्ट्रपति ट्रम्पको यो कदमले तेलको मूल्यलाई अझ बढाउन सक्छ, किनकि रूसी कच्चा तेलमा निर्भर देशहरूले सस्तो तेल किन्न र अमेरिकामा भारी निर्यात करको सामना गर्ने बीच कठिन विकल्पको सामना गर्नुपर्नेछ । डब्ल्यूटीआई कच्चा तेल (सेप्टेम्बर'२५) को लागि, विज्ञहरूले अहिलेको स्तर ६९.६५ अमेरिकी डलरबाट ७३ अमेरिकी डलरको छोटो अवधिको लक्ष्यको अपेक्षा गर्छन । २०२५ को अन्त्यसम्ममा मूल्य बढेर ७६–७९ अमेरिकी डलरसम्म बढ्न सक्छ । विज्ञहरूले भनेका छन् कि यस्ता घटनाक्रमहरूले विश्वव्यापी तेल बजारलाई बाधा पु¥याउन सक्छन् । २०२६ सम्ममा तेलको मूल्यलाई उच्च बनाउने सम्भावना छ ।

ऊर्जा विज्ञ नरेन्द्र तनेजाले एएनआईलाई भने, 'रूसले विश्वव्यापी (तेल) आपूर्ति प्रणालीमा ५० लाख ब्यारेल तेल निर्यात गर्दछ । कच्चा तेलको मूल्य उल्लेखनीय रूपमा बढ्नेछ – प्रति ब्यारेल १०० देखि १२० अमेरिकी डलरसम्म पुग्नेछ ।'

# मत्स्य केन्द्र कुलेखानीद्वारा रु छ लाख १७ हजारको माछा बिक्री

**बागमती।**
मत्स्य विकास केन्द्र कुलेखानी मकवानपुरले आर्थिक वर्ष २०८१/८२ मा दुई हजार ५२४ किलो माछा उत्पादन गरेको छ। कार्यालय प्रमुख मनिता पौडेलका अनुसार आव २०८१/८२ मा दुई हजार ५२४ किलो माछा उत्पादन गरेर बिक्री गरी छ लाख १७ हजार २१६ रुपैयाँ राजस्व सङ्कलन गरेको छ। अघिल्लो आव २०८०/८१ मा सो कार्यालयले दुई हजार ५१८ किलो माछा उत्पादन गरेर छ लाख १७ हजार ५०० रुपैयाँ राजस्व सङ्कलन गरेको थियो।

कार्यालयको आव २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत इन्द्रसरोवर रिजरभ्वायरको जलिय जैविक विविधता संरक्षण तथा यसमा आश्रित समुदायको जीवनस्तर उकास्ने उद्देश्यले सिल्भर तथा बिगहेड कार्प माछाको सात लाख ३० हजार भुरा छोडिएको प्रमुख पौडेलले बताए।

मकवानपुरको इन्द्रसरोवर तालमा केन्द्रले उत्पादन गरेको माछा स्थानीयस्तरमा नै खपत हुने गरेको छ । केन्द्रले हाल सिल्भर, बिगहेड, कमन ग्रास, रहु, नैनी, भाकुर, टीलापिया, सहर र कत्ले जातका माछा उत्पादन गरी बिक्री गर्दै आएको छ । यस्तै माछापालनलाई प्रोत्साहन गर्न सो कार्यालयले विद्यार्थी र कृषकलाई लक्षित गरी मत्स्य घुम्ती शिविर र स्कुल शिक्षा कार्यक्रम सञ्चालन गर्दै आएको छ । सो कार्यालयले आव २०८१/८२ मा मकवानपुरको इन्द्रसरोवर गाउँपालिका–४ फाखेलस्थित कालिका माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) र वडा नम्बर १ स्थित सरस्वती बालबोधिनी माध्यमिक विद्यालयमा मत्स्य केन्द्र कुलेखानीले माछापालन सम्बन्धी स्कुल शिक्षा कार्यक्रम सञ्चालन गरेको छ । कार्यालय प्रमुख पौडेलका अनुसार कालिका मावि फाखेलमा स्कुल शिक्षा कार्यक्रमअन्तर्गत २४ जना विद्यार्थी, नौ जना विद्यालयका कर्मचारीलाई माछापालन पद्धति, नेपालमा मत्स्यपालनको अवस्था, पालनको लागि सिफारिस माछाको जातलगायत माछाको पौष्टिक महत्त्व तथा प्राकृतिक जलाशयको संरक्षण विषयमा प्रशिक्षण दिइएको छ।

त्यस्तै सरस्वती बालबोधिनी माध्यमिक विद्यालयमा माछापालनसम्बन्धी हाजिरीजवाफ प्रतियोगिता तथा स्कुल शिक्षा कार्यक्रम सम्पन्न गरिएको प्रमुख पौडेलले बताए। कक्षा ८, ९ र १० का विद्यार्थीलाई लक्षित गरेर आयोजना गरिएको कार्यक्रममा मत्स्यपालनसम्बन्धी हाजिरीजवाफ प्रतियोगितामा १२ जना विद्यार्थीको सहभागिता रहेको थियो । सो कार्यक्रमबाट विद्यार्थीमा मत्स्य क्षेत्रको महत्त्वपूर्ण ज्ञान र जानकारी वृद्धि हुनुको साथै मत्स्यपालनका विभिन्न पक्ष र माछाको महत्वलाई अझ स्पष्ट रूपमा बुझ्न पाएको प्रमुख पौडेलको भनाइ छ । माछापालनलाई प्रोत्साहन गर्ने उद्देश्यले मत्स्य विकास केन्द्र कुलेखानीले चितवनको खैरहनी, सिन्धुलीको मरिण र नुवाकोटको ककनीमा मत्स्य घुम्ती शिविर समेत सञ्चालन गरेको छ । चितवनको खैरहनीमा आयोजित शिविरमा सुन्दरदीप महिला सहकारी संस्थामा आबद्ध २१ जना कृषकको सहभागिता रहेको थियो । यसैगरी सिन्धुलीको मरिण ४ सहान र नुवाकोटको ककनीमा सञ्चालित मत्स्य घुम्ती शिविरमा सहभागी ६० जना कृषकलाई मत्स्यपालन सम्बन्धी सैद्धान्तिक विषय वस्तुका विषयमा जानकारी दिँदै कृषकको पोखरी अवलोकन तथा अनुगमन गरी पोखरीको पानीको गुणस्तर मापन समेत गरिएको प्रमुख पौडेलले बताए।

साथै विभिन्न गुणस्तरको उचितस्तर, माछामा लाग्ने विभिन्न रोग र तिनको नियन्त्रणको उपाय, पोखरीमा हुने सूक्ष्म जीव तथा जलीय वनस्पतिको भूमिकाजस्ता अन्य विषयवस्तुका बारेमा किसानसँग छलफलसमेत गरिएको प्रमुख पौडेलको भनाइ छ।

कृषकलाई पोखरी व्यवस्थापनको लागि आवश्यक पर्ने विभिन्न रसायनहरूमध्ये चुना, टक्सिमार र मिनरल मिक्स्चर वितरण गर्नुको साथै ती सामग्रीको प्रयोग गर्ने विधिबारे समेत सहजीकरण गरिएको जनाएको छ।रासस

# ट्रम्पले आणविक पनडुब्बीहरूलाई पुनः तैनाथ गर्न दिए आदेश

**काठमाडौं ।**
अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले शुक्रबार रूसी संघीय सुरक्षा परिषद्का उपाध्यक्ष दिमित्री मेदभेदेभको 'उत्तेजक' भनाइपछि दुई आणविक पनडुब्बी रुसनजिक तैनाथ गर्न आदेश दिएका छन् ।

ट्रम्पले दिमित्री मेदभेदेभका टिप्पणीहरूलाई 'मूर्खतापूर्ण र भड्काउ' भन्दै ती 'केवल शब्द मात्र नभएको' हुनसक्ने आशंका व्यक्त गरेका हुन् । उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'शब्दहरू धेरै महत्वपूर्ण हुन्छन् र यसले प्राय नसोचेको परिणाम निम्त्याउन सक्छ । मलाई आशा छ, यो त्यस्तो घटना हुने छैन । जब परमाणुको कुरा आउँछ, हामीले तयार हुनुपर्छ । र हामी पूर्ण रूपमा तयार छौँ ।' पत्रकारहरूसँग कुरा गर्दै ट्रम्पले यो कदम 'तयारी'को प्रयास भएको बताएका छन् ।

रुसका पूर्वराष्टपति समेत रहेका दिमित्री मेदभेदेभले कुन टिप्पणीले ट्रम्पलाई यस्तो निर्णय लिन प्रेरित ग¥यो भन्नेबारे प्रष्ट खुलाइएको छैन । तर, दुई नेताबीच केही समययता सामाजिक सञ्जालमा तिक्ततापूर्ण वाकयुद्ध चलिरहेको छ ।

# कोदो खेतीमा किसानको आकर्षण बढेन

**भोजपुर।**
बहुउपयोगी अन्न कोदो खेतीमा यहाँका किसानको आकर्षण घट्दै गएको छ । कोदोबाट राम्रो आम्दानी नहुने भएपछि पछिल्लो समय किसानमा यसको खेतीप्रति आकर्षण घट्दै भएको हो।

नेपालको चौथो मुख्य बालीको रूपमा रहेको कोदो यहाँका अधिकांश ठाउँमा फल्ने भएपनि कमै किसानको रोजाइँमा पर्ने गरेको छ । यहाँका किसानले आफूले खानको लागि सामान्य रूपमा खेती गरेपनि व्यावसायिक रूपमा कोदो खेती गरेको पाइँदैन।

कोदो खेतीबाट जीवनपायन गर्न सक्ने अवस्था नरहेको रामप्रसादराई ६ का किसान राजेन्द्र राईले बताए। गाउँघरमा घरयासी प्रयोजनका लागि मात्र कोदो खेती हुने गरेको उनको भनाइ छ।

'गाउँ घरमा व्यावसायिक रूपमा कोदो खेती गर्ने चलन छैन' उनले भने, 'घरयासी प्रयोजनको लागि मात्र खेती गर्ने चलन बढ्दै गएको छ । आम्दानी राम्रो नहुने तथा खेती गर्न झन्झटिलो हुने हुँदा व्यावसायिक रूपमा खेती गर्ने अवस्था छैन।'

कोदोबाट उल्लेख्य आम्दानी नहुने तथा खेती गर्न झन्झटिलो हुने भएकोले किसानले खेतीमा कमि गर्दै आएको भोजपुरको टेम्केमैयुङ–७ कोटका स्थानीय कृषक धनबहादुर प्रधानले बताए । विगतका वर्षमा धेरै किसानले खेती गर्ने गरेको भएपनि पछिल्लो समय यस खेती छाड्दै गएको किसान प्रधानको भनाइ छ । 'पछिल्लो समय हाम्रो क्षेत्रमा कोदो खेती गर्ने चलन हट्दै गएको छ,' उनले भने,'कोदो खेतीमा कमैको मात्र रुचि देखिन्छ। कोदो खाने चलन गाउँघरमा घट्दै गएको छ । विगतका दिनमा जस्तो उत्पादन पनि हुन्न ।' कोदो स्थानीय बजारमा प्रतिपाथी १५० देखी १६० रुपैयाँ सम्ममा बिक्री हुने प्रधानको भनाइ छ । मानिसले ढिंडो, रोटी बनाएर खानेभन्दा पनि जाँड, रक्सी बनाउन मात्र बढी प्रयोग हुने गरेको छ। दसैँ, तिहार, किरात राईहरुको उधौली, उभौलीलगायत चाडमा बढी कोदोको माग हुने प्रधानले बताए। 'कोदो परिकार बनाएर खाने चलन कम छ' प्रधानले भने, 'कहिले काही मानिसले ढिडो बनाएर खान्छन् । खास गरेर जाँड, रक्सी बनाउनको लागि नै कोदोको बढी खोजी हुन्छ। चाडवाडको समय बाहेक अरु समयमा खासै कोदोको खोजी हुदैन।'

पछिल्लो समय गाउँघरमा कोदो खेती गर्ने चलन कम हुँदै भएको टेम्केमैयुङ–६ कोटका अध्यक्ष सूर्यप्रसाद नेपालले बताए । आफ्नो वडाका धेरै मानिसले कोदो खेती गर्न छाड्दै गएको वडाध्यक्ष नेपालको भनाइ छ । किसानमा परम्परागत रूपमा हुँदै आएको कोदोलगायत बालीको विकल्पमा अन्यबाली लगाउने चलन बढेको उनको भनाइ छ।

'किसानले वैकल्पिक बालीको खेती थालेकाले कोदोप्रति कम रुचि देखिन्छ' वडाध्यक्ष नेपालले भने, 'दश, बाह्र वर्ष अघिसम्म प्रशस्त कोदो उत्पादन हुन्थ्यो। त्यसको खपत यही नै हुने गरेको थियो । तर अहिले यो अवस्था छैन । सामान्य रूपमा खेती गरेपनि धेरै मानिसले कोदो रोप्न छाडेको अवस्था छ।'

कोदोलाई ढिंडो, रोटी, सातु, लिटो, खोलेलगायत परिकार बनाएर खान सकिने स्थानीय किसानको भनाइ छ । कोदोको खोलेलाई चिसोको कारण हुने रोगको औषधिको रूपमा लिन सकिन्छ । चिसोले सताए कोदोको खोले खाएमा ठिक हुने किसान बताउँछन्।

जिल्लामा करिव छ हजार हेक्टर कोदोबालीको लागि खेतीयोग्य जमिन रहेको कृषि ज्ञान केन्द्र भोजपुरले जनाएको छ । किसानले पछिल्लो समयमा कोदो खेतीलाई घटाउदै लगेको कार्यालयको भनाइ छ।रासस

# अन्तर्राष्ट्रिय नेपाली युवा उद्यमी महासंघको गण्डकी प्रदेश समिति उद्घाटन

**पोखरा ।**
अन्तर्राष्ट्रिय नेपाली युवा उद्यमी महासंघ (एफआइएनवाइइ) को गण्डकी प्रदेश समिति गठन तथा उद्घाटन कार्यक्रम शनिबार पोखराको लेकसाइडस्थित बार पीपल रिसोर्टमा सम्पन्न भएको छ ।

'परिवर्तनका निर्माताहरूलाई जोड्दै, प्रगतिको खेती गर्दै एफआइएनवाइइ गण्डकी अगाडि बढ्छ' भन्ने नारासहित सम्पन्न कार्यक्रममा एफआइएनवाइइले गण्डकी प्रदेशमा औपचारिक रुपमा आफ्नो उपस्थिति जनाउँदै नेपालभर उद्यमशीलताको प्रवद्र्धन गर्ने अभियानलाई नयाँ ढंगले अघि बढाएको छ ।

कार्यक्रममा विभिन्न क्षेत्रका युवा उद्यमी, सञ्चारकर्मी, संघ–संस्थाका प्रतिनिधि र अन्य सरोकारवाला व्यक्तिहरुको उल्लेखनीय उपस्थिति रहेको थियो । उद्यमी महासंघका अध्यक्ष स्वतन्त्र प्रताप शाहले उद्घाटन गर्दै महासंघको उद्देश्य, भावी योजना र गण्डकी प्रदेशमा यसको भूमिका स्पष्ट पारे ।

उनले भने, 'गण्डकी प्रदेश समितिको स्थापना हामी नेपाली युवा उद्यमीहरुलाई देश तथा विदेशमा सञ्जाल विस्तार, ज्ञान साझेदारी र सहकार्यको नयाँ अवसर प्रदान गर्ने विश्वास लिएका छौं ।' बागमती समितिको सफल सुरुवातपछि अब उद्यमी महासंघले गण्डकी प्रदेशमा आफ्नो औपचारिक कार्ययात्रा सुरु गरेको हो । कार्यक्रमले स्थानीय तथा राष्ट्रियस्तरका उद्यमीहरुलाई जोड्ने, सीप आदानप्रदान गर्ने र उद्यमशीलताको सशक्तिकरणमा टेवा पुऱ्याउने विश्वास लिइएको छ ।

# 'पूर्वराष्ट्रपति राजनीतिमा आउन नपाउने व्यवस्था संविधानमै राख्नुपर्छ'

**भक्तपुर।**
नेपाली कांग्रेसका सहमहामन्त्री जीवन परियारले पूर्वराष्ट्रपति सक्रिय राजनीतिमा आउन नपाउने व्यवस्था संविधानमै राख्नुपर्ने बताएका छन । कांग्रेस सूर्यविनायक नगरसमितिले शनिवार आयोजना गरेको तेस्रो नगरपालिका सम्मेलनमा उहाँले संविधान संशोधन गरेर भए पनि पूर्वराष्ट्रपति पुनःसक्रिय राजनीतिमा आउन नपाउने व्यवस्था गर्नुपर्ने बताए । सहमहामन्त्री परियारले संविधान निर्माण गर्दा राष्ट्रपति भइसकेको व्यक्ति पुनःराजनीतिमा सक्रिय हुन पाउने व्यवस्था गर्न चुकेकाले अब संविधान संशोधन गर्ने क्रममा यस व्यवस्थालाई समावेश गरिनुपर्नेमा जोड दिए।

नेकपा (एमाले) ले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई एमालेमा फर्किन नसक्ने गरी गरेको निर्णय स्वागत योग्य रहेको उनको भनाइ थियो। 'पूर्वराष्ट्रपति भण्डारी सक्रिय राजनीतिमा फर्कने कुरा ठिक होइन। उहाँबारे एमालेले जे निर्णय गर्यो, त्यो सही निर्णय हो। कांग्रेसले पनि त्यस्तै निर्णय गर्नुपर्छ', सहमहामन्त्री परियारले भने।

उनले नेपाली कांग्रेसको १५औँ महाधिवेशन आगामी २०८३ मङ्सिरभित्र गर्नु उपयुक्त हुने बताए । 'कांग्रेसमा वर्तमान नेतृत्वको कार्यकाल विसं २०८२ मङ्सिरमा सकिँदैछ, तर महाधिवेशनको तयारी सुरु भएको छैन। अब मङ्सिरमा महाधिवेशन सम्भव नभएकाले एक वर्ष म्याद थपेर अर्को वर्षको मङ्सिरमा महाधिवेशन गर्नुपर्छ', सहमहामन्त्री परियारले जिकिर गरे।

कांग्रेस भक्तपुरका सभापति एवम् प्रतिनिधिसभा सदस्य दुर्लभ थापाले केन्द्रीय नेता र केन्द्रीय कार्यसमितिलाई दोष दिनुभन्दा अन्य तहका समितिले पनि आफ्नो दायित्वमा रहेका काम समयमै सम्पन्न गर्नुपर्ने बताए। उनले कांग्रेसका हरेक नेता कार्यकर्ताले पार्टी विधानअनुसार आपूmले पाएको जिम्मेवारी इमान्दारिताका साथ पूरा गर्न सके पार्टी स्वतः बलियो बन्ने बताए।

कांग्रेस सूर्यविनायक नगरसमिति सभापति निशान ढुङ्गेलको सभापतित्वमा सम्पन्न कार्यक्रममा कांग्रेस भक्तपुरका पूर्वसभापति गणेशमान चक्रधर, महेश श्रेष्ठ, क्षेत्रीय सभापति भेषबहादुर कार्की र जीवन खत्री, प्रदेशसभा क्षेत्र नं २ (क)का सभापति प्रदिप कार्की, भक्तपुर नगरसमिति सभापति राजेन्द्र तमाखू, बागमती प्रदेशका पूर्वमन्त्री कृष्णलाल भँडेललगायतले शुभकामना व्यक्त गरे । सम्मेलनमा नेपाली कांग्रेस सूर्यविनायक नगरसमितिका १० वटा वडा समितिका पदाधिकारी, वडाका क्षेत्रीय प्रतिनिधि, भ्रातृ एवम् शुभेच्छुक संघ संस्थाका प्रतिनिधि, सूर्यविनायक भूगोलबाट प्रतिनिधित्व गर्ने पार्टीका विभिन्न समितिका प्रतिनिधिसमेत गरी करिब २५० जनाको सहभागिता रहेको सभापति ढुंगेलले जानकारी दिए।रासस

# परोँहा बोलबम धामको ज्योर्तिलिङ्गमा जलार्पण गर्नेको घुइँचो



**लुम्बिनी ।**
नेपालको एकमात्र स्वयं उत्पत्तिमान शिव ज्योर्तिलिङ्ग मानिने रुपन्देहीको परोँहा बोलबम धाममा दर्शनार्थीको घुइँचो लागेको छ ।

यहाँ हरेक वर्ष श्रावणी मेलामा जलार्पणका लागि दर्शनार्थीको ठूलो भीड लाग्ने गर्छ । विशेष गरी साउन महिनाभरी पहेँलो बस्त्रधारी दर्शनार्थी यहाँ आउने गर्दछन् ।

प्राचीन शिवालय परोँहा बोलबम धाममा रहेको शिव ज्योर्तिलिङ्गमा हरेक वर्षको गुरूपूर्णिमादेखि जनैपूर्णिमासम्म जलार्पण गर्ने परम्परा छ । यहाँ जलार्पण गरे पाप नष्ट हुने, परिवारका सदस्यको दीर्घायु हुने र सुख शान्ति मिल्ने धार्मिक विश्वास छ ।

धामका प्रमुख संरक्षक आचार्य किशोरकुमार गौतमले सोमबार मात्र नभएर अन्य दिनमा ठूलो सङ्ख्यामा भक्तजनले गङ्गाजल अर्पण गर्ने गरेको बताए । साउन महिनामा ज्योर्तिलिङ्गमा गङ्गाजल र बेलपत्र जस्ता सामग्रीले पूजा गरेमा भगवान् शिव खुसी भई मनोकांक्षा पूरा गरिदिने जनविश्वास छ । उक्त ज्योर्तिलिङ्गमा अर्पण गर्न कपिलवस्तुको लक्ष्मणघाट, गुल्मीको कालिगण्डकी, चितवनको देवघाट र नवलपरासीको त्रिवेणीघाटबाट गङ्गाजल ल्याउने चलन छ । काँवरमा गङ्गा जल बोकेर कोही पैदल त कोही सवारीसाधनमा बोलबमको नारा लगाउँदै हिँडेका बोलबम यात्रीहरुले यस क्षेत्रलाई रमाइलो बनाएका छन् ।

यहाँ मेला भर्न रुपन्देही, कपिलवस्तु, नवलपरासी र पाल्पाका अतिरिक्त फाटफुट रुपमा पूर्वको मेचीदेखि पश्चिमको महाकाली एवं राजधानीबाट भक्तजन आउने गर्दछन् । भारतको उत्तरप्रदेश र बिहार क्षेत्रबाट भक्तजन आउने गर्दछन् । यहाँ अहिले पहेँलो बस्त्र, ग्यालन, फलफूल र पूजा सामग्रीको व्यापार फस्टाएको छ ।

यो स्थान बुटवलदेखि १५ किलोमिटर पश्चिममा रानीबगिया भन्ने ठाउँबाट दुई किमी दक्षिणमा पर्दछ ।

बोलबम व्यवस्थापन समितिको आह्वानमा अघिल्लो सोमबार सैनामैना नगरका भक्तजनले कपिलवस्तुको पवित्र बाणगङ्गाको जल ल्याइ परोँहा परमेश्वर धाममा जलार्पण गरेको समितिका अध्यक्ष चित्रबहादुर कार्कीले बताए । आगामी सोमबार भने गुल्मीको प्रशिद्ध तीर्थस्थल रुरु क्षेत्रमा पुगेर कालीगण्डकीको जल ल्याएर जलार्पण गर्ने कार्यक्रम रहेको उनले जानकारी दिए ।रासस

# ‘सीपयुक्त भएर मात्र विदेश जाऔँ’

**काठमाडौँ ।**
वैदेशिक रोजगारीमा जाँदा सीपयुक्त भएर मात्र जानुपर्ने विज्ञले बताएका छन् । क्यानडामा रोजगारीका सम्भावनाका विषयक एक छलफल कार्यक्रममा आफ्ना धारणा राख्दै क्यानडास्थित सेन्टेनियल कलेजका प्राडा तुलसी धरेलले सीप भए जुनसुकै ठाउँमा पनि जिन्दगी सहज हुने बताएका छन ।

उनले सीप नजानेमा कहीँ पनि अवसर नपाइने उल्लेख गर्दै सीपयुक्त भएर विदेश जाँदा दुःख नपाइने बताए । विगत २५ वर्षदेखि क्यानडाको कलेजमा अध्यापन गराउँदै आउनुभएका डा धरेलले क्यानडालगायत विश्वका अधिकांश पश्चिमा मुलुकहरुमा दक्ष जनशक्तिको खाँचो रहेको र त्यसमा पनि स्वास्थ्य क्षेत्रका जनशक्तिको माग बढी भएको बताए ।

उनले भने, ‘झन्डै एक लाखजति नेपालीहरु रहेको अनुमान गर्न सकिन्छ । रोजगारी, रेष्टुरेन्ट व्यवसाय, घरजग्गा कारोबार, सौन्दर्य पेसा आदिमा नेपालीहरु काम गरिरहेका छन् । नेपालको शिक्षाको स्तर राम्रो छ त्यसैले पनि दक्ष जनशक्ति त्यहाँ जाँदा काम नपाउने भन्ने हुँदैन ।’

क्यानेडियन मार्केटिङ एसोसिएसनका काउन्सिल सदस्य समेत रहनुभएका डा धरेलले नेपालीहरु उच्च स्तरको पेसामा काम गरिरहेको बताउँदै क्यानडा केही वर्ष यता रोजगारी तथा अवसरको राम्रो गन्तव्य बनेको बताए ।उनले दक्ष जनशक्ति विदेश पलायन भए भनेर नकारात्मक धारणा पाल्न नहुने बताए । ‘दक्ष जनशक्तिलाई पठाउनुपर्छ । जीवनस्तर पनि उकासिन्छ र राष्ट्रको पनि इज्जत बढ्छ । दक्ष जनशक्तिलाई विदेश पठाउनुहुन्न भनेर नकरात्मक सोच राख्नुहुन्न’, उनले भने ।रासस

# स्थानीय पाठ्यक्रममा आधारित पुस्तक प्रकाशन गर्दै रामपुर

**पाल्पा ।**
यहाँको रामपुर नगरपालिकाले स्थानीय पाठ्यक्रममा आधारित रहेर पुस्तक प्रकाशनको तयारी गरेको छ ।

स्थानीयस्तरका विषयवस्तु समेटेर स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक प्रकाशन गर्न लागिएको नगरपालिकाले जनाएको छ ।

पुस्तक तथा सन्दर्भ सामग्री लेखन कार्यदलले नगरपालिकाभित्रका १० वटै वडामा सूचना सङ्कलन कार्यशाला गरिसकेको छ । नगरभित्र रहेका धार्मिक, ऐतिहासिक, पुरातात्विक, आर्थिक, सामाजिक, पर्यटन, भूगोललगायत विषय समेटेर ‘हाम्रो रामपुर’ नामक पाठ्यपुस्तक प्रकाशन गर्न लागेको नगरपालिकाका प्रमुख रमणबहादुर थापाले जानकारी दिए ।

‘पाठ्यपुस्तकमा स्थानीय विषवस्तु राखिने छ, आगामी शैक्षिक सत्रबाट नगरपालिकाभित्रका विद्यालयमा अध्यापन गर्ने गरी पाठ्यपुस्तक प्रकाशन गर्न लागिएको छ’, नगरप्रमुख थापाले भने, ‘स्थानीय शिक्षकको सहयोगमा नै पाठ्यपुस्तक प्रकाशन गर्न लागिएको हो ।’

आर्थिक वर्ष २०७९/८० मा ‘हाम्रो रामपुर’ पाठ्यक्रम लागू गरेर पठनपाठन भए पनि पाठ्यपुस्तकको आवश्यकता महसुस गरेर लेखन तयारी गरेको उनको भनाइ छ । कार्यदलले विभिन्न आठ वटा विषयवस्तुमा आधारित रहेर सुझावसहित सूचना सङ्कलन गरेको स्थानीय पाठ्यपुस्तक लेखन कार्यदलका संयोजक देवराज देवकोटाले बताए । रासस

# पुवा खोलामा बेलिब्रिज निर्माण ३६ किमी दुरी छोटियो



**इलाम ।**
इलाम सदरमुकामदेखि झापाको विर्तामोड जोड्ने छोटो दुरीको केचना–कञ्चनजङ्गा (मेची करिडोर) सडकअन्तर्गत पुवा खोलामा बेलिब्रिज निर्माण भएको छ ।सो बेलिब्रिज निर्माण पश्चात मेची राजमार्गको विकल्प खुलेको छ ।

इलाम नगरपालिका–९ र ११ जोड्ने पुवा खोलमा पहिलो पटक बेलिब्रिज निर्माण भएपछि स्थानीय बासिन्दा र झापा–इलाम–पाँचथर–ताप्लेजुङ आवतजावत गर्ने सवारीसाधनका लागि छोटो र सुरक्षित बाटोको विकल्प खुला भएको हो । सागर÷सुभारम्भ÷एरिसा जेभीले सो बेलिब्रिज निर्माण गरेको हो ।

पुल नहुँदा विगतमा यात्रीहरुले जोखिम मोलेर यात्रा गर्नुपर्ने बाध्यता थियो । विशेष गरी वर्षायाममा सडक पूर्णरुपमा बन्द हुने गर्दथ्यो । सङ्घीय सरकारको एक करोड ३५ लाख रुपैयाँमा बेलिब्रिज निर्माण गरिएको हो । बेलिब्रिज ४८.६ मिटर लम्बाइको भएको सडक डिभिजन इलामका सूचना अधिकारी इञ्जिनियर अर्जुन घिमिरेले बताए ।

इलाम नगरपालिका–९ का वडाध्यक्ष गोपाल चहानले बेलिब्रिज निर्माणसँगै झापा–इलाम सवारी आवागमनमा हसजता आएको बताए । ‘पहिले हिउँदमा त सडक प्रयोगमा आउँथ्यो, तर वर्षायाममा पूरै बन्द हुने गर्दथ्यो’,, उनले भने, ‘बेलिब्रिज निर्माणले बाह्रै महिना सवारी आवागमनमा सहज हुने भएको छ ।’

गतवर्ष पहिरोका कारण दुई साता राजमार्ग बन्द हुँदा यात्रीहरुले ठूलो सास्ती खेपेका थिए । त्यतिबेला वैकल्पिक सडक नहुँदा ताप्लेजुङ, पाँचथर र इलामबाट झापा झरेका यात्रुहरु माईखोला वरिबाट पारीसम्म पैदल र झापाबाट इलाम, पाँचथर र ताप्लेजुङ आएका यात्री पारीबाट वरिसम्म पैदल हिँडेर गाडी परिवर्तन गरेर गन्तव्यमा पुग्न बाध्य भएका थिए ।

हाल पुवा खोलामा बेलिब्रिज निर्माण भएसँगै मेची राजमार्गको गोलाखर्क खण्डबाट सिधैँ केचना–कञ्चनजङ्गा सडक प्रयोग गर्दा ४७ किलोमिटरको दुरीमा झापाको विर्तामोड पुग्न सकिन्छ । मेची राजमार्ग प्रयोग गर्दा ८३ किलोमिटर दुरीमा मात्र विर्तामोड पुग्न सकिन्छ ।

मेची राजमार्गको वैकल्पिक सडकको रुपमा लिइएको सो सडकअन्तर्गत इलाम खण्डको माई नगरपालिका क्षेत्रमा १५ किलोमिटर सडक कालोपत्र भइसकेको छ ।

बाँकी १७ किलोमिटर खण्डमध्ये १४ किलोमिटर ठेक्का लागेर निर्माण भइरहेको सडक डिभिजन प्रमुख इञ्जिनियर पवन भट्टराईले बताए ।रासस

# छायाँक्षेत्र (छायाँनाथ) धामको तीर्थयात्रा शुरू



**मुगु ।**
हिमाली जिल्ला मुगुस्थित प्रसिद्ध धार्मिकस्थल छायाँक्षेत्र धाममा यस वर्षको तीर्थयात्रा शुक्रबारदेखि सुरु भएको छ ।

सिञ्जा सभ्यताको ऐतिहासिक केन्द्र मानिने छायाँनाथ धाममा साउन महिनासँगै भक्तजनको आगमन सुरु भएको हो । यस वर्ष पहिलो पटक शिवजीको प्राचीन मूर्तिको पूजाआराधना गर्दै यात्राको औपचारिक सुरुआत गरिएको छ । मन्दिर परिसरमा नेपाल प्रहरीले सलामी अर्पण गरेको थियो । स्थानीय पुरोहित, पुजारी, सरकारी कर्मचारी, सुरक्षाकर्मी, स्थानीय श्रद्धालु भक्तजन तथा जनप्रतिनिधिको उपस्थितिमा छायाँनाथ मन्दिर परिसरमा विशेष पूजाआजा गरी यात्रा आरम्भ गरिएको हो ।

धार्मिक, सांस्कृतिक र पर्यटकीय दृष्टिले महत्त्वपूर्ण मानिने मुगुम कार्मारोङ गाउँपालिका–१ छायाँक्षेत्र चार हजार ५०० मिटरको उचाइमा छ । यस धाममा विशेषगरी साउन महिनाको पञ्चमीदेखि जनैपूर्णिमासम्म हजारौँ श्रद्धालु दर्शन गर्न आउने गर्दछन् ।

सामान्यतया श्रद्धालु भक्तजनलाई स्वास्थ्य सेवा पु¥याउने उद्देश्यले आवश्यक औषधिसहित स्वास्थ्यकर्मीको टोली खटाइएको छायाँनाथ रारा नगरपालिका प्रमुख विष्णुकुमार भामले बताए ।

शिवजीको मूर्ति(गाथ)सहित पूजा गर्ने परम्परा सदियौँदेखि चलिआएको र विश्वका चारधाममध्ये कैलाश मानसरोवरपछिको मुख्य धामका रूपमा रहेको यस छायाँनाथ धाम धार्मिक एवं ऐतिहासिक महत्वको क्षेत्र भएको स्थानीय ऐनबहादुर हमालले जानकारी दिए । उनका अनुसार यहाँको ठाकुरज्यु (भगवान् शिव) विष्णु, गणेश र भगवान् बुद्धको मूर्ति विसं १८३६ मा चैन गाउँका तत्कालीन पुजारी सुन्दर चौलागाईं, उपाध्यायले मूर्ति स्थापना गरेका हुन ।

हिमाली क्षेत्र भएकाले दैनिक नित्य पूजाआजा गर्न कठिनाइ हुने हुँदा तत्कालीन समयमा ब्राह्मणको बासस्थान रहेको गमदराको चैन गाउँमा छायाँक्षेत्र मन्दिर स्थापना गरी ११ महिना त्यहीँ पूजा गर्ने र साउन महिनामा गाथसहित छायाँक्षेत्र धाममा पुगी पूजाआजा गर्ने परम्परा सुरु भएको बताइन्छ ।

यहाँ सुदूरपश्चिम र कर्णाली प्रदेशका प्रायः सबै जिल्लाबाट स्थानीय र भारतको उत्तराखण्ड, हिमाञ्चल, कुमाउँ क्षेत्रबाट श्रद्धालु आउने गरेका छन् ।

छायाँनाथमा नयाँ धामीको अवतार गर्न, छापविदो लिन, व्रतबन्ध गर्न, पितृहरुको मोक्ष गर्न, वर माग्न र आफ्ना कुलदेवता, इष्ट देउताको शुद्धिका लागि भक्तजन तथा श्रद्धालु आफ्ना धामीझाँक्री र देउतासहित पुग्ने गर्दछन् ।रासस

# एकासी वर्षीया कालमायाले बल्ल पाइन् नागरिकता

**उदयपुर ।**
उदयपुरको चौदण्डी गढी नगरपालिका–१ की ८१ वर्षीया वृद्धाले नागरिकता प्रमाणपत्र प्राप्त गरेका छन । कालमाया राईलाई शुक्रबार नागरिकता प्रदान गरिएको जिल्ला प्रशासन कार्यालय उदयपुरले जनाएको छ ।

चौदण्डी गढी नगरपालिका–१ का वडाध्यक्ष लुङगराज राईको रोहबरमा वृद्धा राईले नागरिकताप्राप्त गरेको वडाध्यक्ष राईले जानकारी दिए । खोटाङको जन्तेढुङ्गा गाउँपालिका जन्मघर भएको वृद्धा राईको चौदण्डी गढी–१ मा विवाह भएर आएपछि पनि नागरिकता प्रमाणपत्र लिन ढिलाइ गरेको र १५ वर्ष अघि नै श्रीमानको मृत्यु भएपछि वृद्धालाई नागरिकता लिन झनै समस्या रहँदै आएको थियो ।

बूढेसकालमा नागरिकताविहीन वृद्धलाई सामाजिक सुरक्षाभत्ता र राज्यबाट प्राप्त हुने अन्य सेवासुविधाबाट समेत वञ्चित हुनुपरेकाले वडाध्यक्षको रोहबरमा नागरिकता दिलाइएको हो ।

वृद्धा राईले यसअघि देखिनै नागरिकता लिने प्रयास गरेको भए आफन्त कसैले चासो नदिएको र ज्ञानको अभावबाट नागरिकता प्रमाणपत्रबाट वञ्चित हुँदै आउनुभएको थियो । उदयपुरका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलका अनुसार चौनपा–१ का वडा प्रतिनिधिहरुको रोहबरमा वृद्धा राईले नागरिकता लिएको र अब उनले सामाजिक सुरक्षा भक्ताको लागि पनि तत्कालै पहल र राष्ट्रिय परिचयपत्रको नम्बर पनि व्यवस्था गरिएको प्रजिअ लुइँटेलले बताए ।

वास्तविक नेपाली नागरिक भएर नागरिकता प्रमाणपत्रबाट वञ्चित हुनु दुःखद् भएको प्रजिअ लुइँटेलले बताए । वृद्धा राईको तीन भाइ, दुई सन्तान रहेको चौनपा–१ का वडाध्यक्ष राईले जानकारी दिए ।रासस

# मधेशमा ५७.२७ प्रतिशत धान रोपाइँ



**मधेशदृष्टि**
**वीरगंज ।**
सङ्घीय सरकारद्वारा तीन महिनाका लागि घोषित विपद् सङ्कटग्रस्त क्षेत्र मधेश प्रदेशमा आधाभन्दा बढी खेतीयोग्य जमिनमा धान रोपाइँ भएको छ । मधेश प्रदेशभरी ५७.२७ प्रतिशत हेक्टर क्षेत्रफल खेतीयोग्य जमिनमा धान रोपाइँ भएको हो । मधेश प्रदेशमा पाँच लाख ४२ हजार ५८०.७८ हेक्टर क्षेत्रफल जमिन खेतीयोग्य रहेको छ ।

जसध्ये तीन लाख ७२ हजार ६४५ हेक्टर क्षेत्रफल जग्गमा धान रोपाइँ हुने गरेकामा अहिलेसम्म दुई लाख १३ हजार ३४८.९५ हेक्टर क्षेत्रफल जमिनमा मात्र धान रोपाइँ भएको मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले जनाएको छ । मधेशका चार जिल्लाको धान रोपाइँ अवस्था भने सन्तोषजनक रहेको तथ्याङ्कले देखाएको छ । तथ्याङ्कअनुसार सबभन्दा बढी बारा र पर्सामा धान रोपाइँ भएको छ । पर्सामा ८५ र बारामा ८३ प्रतिशत हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको छ । यस्तै रौतहटमा ७३ र सर्लाहीमा ६५ प्रतिशत क्षेत्रफलमा धान रोपाइँ भएको सो मन्त्रालयका वरिष्ठ पशु विकास अधिकृत डा. सरोज चौधरीले जानकारी दिएका छन् ।

यी चार जिल्लामा धान रोपाइँ सन्तोषजनक रहेको उनको भनाइ छ । मधेश सरकारले सुक्खा क्षेत्र घोषणा गरेको मधेश प्रदेशका आठ जिल्लामध्ये चार जिल्लाको धान रोपाइँ अवस्था नाजुक रहेको छ । यतिबेला सम्ममा करिब ८०–८५ प्रतिशत रोपाइँ भइसक्नुपर्नेमा महोत्तरी, सप्तरी र धनुषामा गरी तीन जिल्लामा अझैपनि ५० प्रतिशतभन्दा कम क्षेत्रफलमा धान रोपाइँ भएको छ ।

# लगातारको वर्षाले तराईको किसानमा खेत रोप्ने आशा जाग्यो

**महोत्तरी ।**
लामो समयदेखिको खडेरीले आहत भएका महोत्तरीका किसानमा रोपो जाग्ने आशा पलाएको छ । यो साता सोमबारयता लगातार पानी परेपछि उनीहरूमा रोपो जाग्ने आश बढेको हो । पछिल्लो पटक गए राति जिल्लाका अधिकांश ठाउँमा पर्याप्त चिस्यान हुनेगरी पानी परेको छ । यस्तै गत बिहीबार र सोमबार पनि पानी परेको थियो । ‘अबचाहिँ रोपो मरोइन, रोपिएको खेतमा यसअघि परेको चिरा पुरिएका छन्, रोपो पनि फेरिएको छ’, भङ्गाहा–३ कटैयाका किसान विजय यादवले भने, ‘पछिल्ला तीन दिनको वर्षाले रोपोलाई निकै राहत मिल्यो ।’ यसअघि इनार, बोरिङ्गर स्यालोट्युवबेलबाट पम्पसेट लगाएर रोपेको धान अब भने जाग्ने आश बढेको किसानले बताएका छन् । पछिल्ला तीन दिन परेको पानीले थप रोपाइँ नबढे पनि यसअघि रोपिएको धानलाई भने निकै राहत मिलेको किसानको भनाइ छ । प्रचण्ड रापले पहेँलिँदै गएको रोपो पछिल्ला वर्षाले निकै फेरिएको बर्दिबास–७ प्रेमनगरका किसान रामउद्गार महतो बताउँछन् । ‘खेत हिल्याउने गरी त पानी पर्न सकेन, तर लगालगीजस्तो तीन दिनको वर्षाले निकै राहत दियो’, महतो भन्छन्, ‘खासमा यसअघि रोपिएको धान, खडेरीले सुक्दै गएको उखु, कोदो, मकै र तरकारीबालीलाई अमृत बर्सेजस्तै भयो ।’

लामो खडेरीले आहत भएका बेला यो क्षणिक वर्षा पनि केकेन भेटाएजस्तो भएको किसान बताउँछन् । पछिल्लो वर्षाले धानको रोपोसँगै उखु, सागसब्जी, मकै र कोदोसहितका बालीलाई चिस्यान मिलेको भङ्गाहा–४ रामनगरका ७५ वर्षीय किसान इस्लाम राइनको पनि भनाइ छ । ‘लामो रौदी (खडेरी) ले उखुका टुप्पा खङरङ्ग सुक्दै गएका थिए, पछिल्लो वर्षाले राम्रो चिस्यान भएपछि जादुजस्तै भएको छ, उखुका बोट फेरिँदै छन्,’ उनले भने । यो वर्षाले धानबाहेकका बालीलाई अलिबारलाई पर्याप्त चिस्यान भएको छ । धानको रोपोमा भने ग¥हामा भरिनेगरी पानी चाहिएको किसान बताउँछन् । पछिल्लो वर्षा महोत्तरीका सबै भेगमा धेरथोर परेको छ । यद्यपि दक्षिणतिरभन्दा उत्तरतर्फ बढी पानी परेको सर्वसाधारणसँगको कुराकानीबाट बुझिएको छ । पछिल्लो वर्षाले प्रचण्ड गर्मीको रापबाट राहत मिलेको सर्वसाधारणले बताएका छन् । यसपालि लामो खडेरीले गर्दा महोत्तरीमा धान रोपाइँ निकै पछि सरेको छ । जिल्लाको कूल धानखेतीयोग्य जग्गा ४२ हजार ५०० हेक्टर मानिन्छ । तर, साउन तेस्रो साता सुरू भइसक्दासम्म जिल्लामा ३५ प्रतिशत रोपाइँ नकटेको कृषि ज्ञान केन्द्र महोत्तरी कार्यालयले जनाएको छ । रोपाइँ थप बढाउने गरी पानी पर्न नसके पनि पछिल्लो वर्षाले यसअघिको रोपोलाई भने निकै राहत दिएको कार्यालयका वरिष्ठ कृषि विकास अधिकृत देवानन्द यादवले बताए । रासस

# जसपा नेपाल सप्तरीको नयाँ नेतृत्व निर्वाचन प्रक्रियाबाट चयन गरिने





**मधेशदृष्टि**
**सप्तरी ।**
जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव र वरिष्ठ उपाध्यक्ष मृगेन्द्र कुमार सिंह यादवको गृह जिल्ला सप्तरीमा नयाँ नेतृत्वका लागि आइतबार चुनाव हुँदैछ । यसअघि शनिबार नै निर्वाचन हुने कार्यतालिका सार्वजनिक गरिए पनि मतदाता नामावलीमाथी परेको दाबी बिरोधको टुंगो लगाउन ढिलाई भएकाले निर्वाचन मिति एक दिनका लागि सारिएको हो । चुनावी मैदानमा वर्तमान जिल्ला अध्यक्ष केदार प्रसाद यादव र उपाध्यक्ष उमेश प्रसाद यादव प्यानलसहित उत्रेका छन् । साउन १४ गतेदेखी शुरु भएको एकताको प्रथम अधिवेशनको बन्द सत्रमा सहमतिबाट नयाँ नेतृत्व चयन गर्ने प्रयास असफल भएपछि निर्वाचनबाटै यसको टुंगो लगाउने निर्णय भएको सो पार्टीले जनाएको छ । यसका लागि कृष्णलाल यादवको संयोजकत्वमा गठित निर्वाचन समितिले निर्वाचन प्रक्रिया शुरु गरेको छ । जसअनुसार शनिबार वर्तमान अध्यक्ष केदार प्रसाद यादव र उपाध्यक्ष उमेश प्रसाद यादवले आ–आफ्नो नेतृत्वमा प्यानलसहित उम्मेदवारी दर्ता गराएका छन् । निर्वाचन आइतबार बिहान ८ बजेदेखी शुरु भई दिउँसो २ बजेसम्म चल्ने र सोही दिन साँझ मतगणना कार्य शुरु गर्ने कार्यतालिका समेत सार्वजनिक गरिएको छ । वर्तमान कार्यसमितिको कार्यकाल सकिएपछि आगामी तीन वर्षे कार्यकालका लागि नयाँ कार्यसमितिको निर्वाचन हुन लागेको हो । अध्यक्ष पदको दौडमा रहेका भिमराज यादव अन्तिम क्षणमा उमेश प्रसाद यादवलाई समर्थन जनाउँदै पछि हटेका छन् । यसअघि पार्टीका वर्तमान सचिव एवम् रुपनी गाउँपालिकाका निर्वतमान अध्यक्ष हरेराम यादवले पनि अध्यक्ष पदमा उम्मेदवारी दिने बताएपनि अन्तिम क्षणमा उमेश प्रसाद यादवललाई नै समर्थन गर्दै उनकै प्यानलबाट उपाध्यक्ष पदमा उम्मेदवारी दिएका छन् । दुई उपाध्यक्ष पदका लागि हुने निर्वाचनमा उमेशप्रसाद यादवको प्यानलबाट अर्का उपाध्यक्ष पदमा राजेश्वर राय, सचिवमा निरज मुक्ति, उपसचिवमा राहुल मण्डल र दाउद हुसैन तथा कोषाध्यक्षमा अभिनव यादवले उम्मेदवारी दर्ता गराएका छन् । यस्तै सदस्य पदका लागि हुने निर्वाचनमा समेत सो प्यानलबाट ५० वटै पदमा उम्मेदवारी दर्ता भएको छ । अध्यक्ष पदका उम्मेदवार उमेश विष्णुपुर गाउँपालिकाका अध्यक्ष समेत हुन् । केदार प्रसाद यादव नेतृत्वको प्यानलबाट उपाध्यक्षमा लक्ष्मण यादव, उषा साह, सचिवमा शम्भुप्रसाद यादव, उपसचिवमा रिता चौधरी, रामेश्वर कुडैरिया यादव तथा कोषाध्यक्षमा अरबिन्द कुमार यादवले उम्मेदवारी दर्ता गराएका छन् । सो प्यानलबाट पनि सदस्य पदका लागि तय गरिएको ५० वटै पदमा उम्मेदवारी परेको छ । नयाँ नेतृत्वका लागि चुनाव नै हुने भएपछि पार्टीका नेतारकार्यकर्ता स्पष्ट रुपमा अहिले दुई खेमामा विभाजित भएका छन् । एक पक्षको नेतृत्व जिल्ला अध्यक्ष केदार प्रसाद यादवले गरिरहेका छन् भने अर्को पक्षको नेतृत्व उमेश प्रसाद यादवले गरिरहेका छन् । जसपाका केन्द्रिय अध्यक्ष उपेन्द्र यादवको गृहजिल्ला तथा पुरानो निर्वाचन क्षेत्रमा सहमतिबाट नयाँ नेतृत्व चयन गर्ने प्रयास विफल हुनु कतिपयले घाटाको विषय भएको त कतिपयले प्रजातान्त्रिक अभ्यासको रुपमा लिनुपर्ने प्रतिक्रया दिएका छन् । अध्यक्षसहित ५७ पदका लागि हुने निर्वाचनमा १८ वटै पालिकाका ५ सय १८ जना मतदाता रहेको निर्वाचन समितिका संयोजक कृष्णलाल यादवले जानकारी दिए । एकताको प्रथम जिल्ला अधिवेशनको तीन दिन अघि अध्यक्ष उपेन्द्र यादवले उद्घाटन गरेका थिए ।

# सिरहामा १०३ किलो गाँजासहित ९ जना पक्राउ

**सिरहा ।**
सिरहाको औरही गाउँपालिका–४ कमलपुरबाट ठूलो परिमाणमा लागुऔषध गाँजासहित ९ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

शनिबार बिहान ४ बजेको समयमा विशेष सूचनाका आधारमा प्रहरीले छापा मारी उनीहरूलाई नियन्त्रणमा लिएको हो । जिल्ला प्रहरी कार्यालयका प्रमुख तथा प्रहरी उपरीक्षक अनन्तराम शर्माले पक्राउ पर्नेमा पाँच जना भरिया, एक जना रेक्की गर्ने व्यक्ति, गाँजा साहु तथा खरिद गर्न आएका दुई जना भारतीय नागरिक रहेको बताए । भरियामा गोलबजार नगरपालिका–१ मक्सारका ४२ वर्षीय जयराम जोशी, ३० वर्षीय शिवकुमार सदा, २२ वर्षीय कृष्ण सदा, १८ वर्षीय सुरज सदा र १७ वर्षीय पशुपति सदा रहेका छन् । रेक्की गर्ने व्यक्ति औरही गाउँपालिका–३ का ४२ वर्षीय राजेन्द्र यादव र साहु गोलबजार नगरपालिका–१ मक्सारकै ३२ वर्षीय जीवछ साह रहेका छन् ।

यस्तै, खरिद गर्न आएका भारतीय नागरिक मधुवनी जिल्ला, कुमरखद ग्राम पञ्चायत–१४का ३० वर्षीय धर्मेशकुमार कामति र ३९ वर्षीय वैधनाथ चौधरी रहेका छन् । चौधरीको साथबाट नेपाली रुपैयाँ ४५ हजार पनि बरामद भएको प्रहरीले जनाएको छ । प्रहरी उपरीक्षक शर्माका अनुसार गाँजा पाँचवटा बोरामा हालेर आँपको बगैचामा लुकाइ राखिएको थियो । प्रारम्भमा गाँजा ओसार्दै गरेका भरिया फेला परेपछि उनीहरूलाई केरकार गर्दै जाँदा बाँकी समूह गाँजासहित फेला परेको हो । पक्राउ परेकाविरुद्ध लागुऔषधसम्बन्धी मुद्दामा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । रासस

# २३ वटा डिप ट्युबवेल प्रयोगबिहीन

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीमा सिँचाइ सुविधाका लागि केही वर्षअघि गाडिएका ४३ मध्ये २३ वटा डिप ट्युबवेल प्रयोगमा आउन सकेका छैनन् । ४३ मध्ये १७ वटा मात्र अहिले सञ्चालनमा रहेको र २३ वटा डिप ट्युबवेल अझै सञ्चालनमा आउन नसकेको अवस्था छ । सप्तरी र सिरहामा भूमिगत जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, सिरहाले मुख्य रुपमा डिप बोरिङ जडान गर्ने गरेको छ । कार्यालय मार्फत अहिलेसम्म सप्तरीमा ४३ वटा डिप बोरिङ जडान भएको तर तीमध्ये १७ वटा मात्र सञ्चालनमा रहेको कार्यालयको तथ्याङ्कमा उल्लेख छ । केहीमा ट्रान्सफर्मर चोरी भएको, कुनैबाट वालुवा आउने गरेकोले पुनः जडान गर्नुपर्ने अवस्था रहेको कार्यालयका प्रमुख विकास ठाकुरले बताए ।

# आलु–प्याज व्यवसायी संघको नयाँ नेतृत्वको शपथ, बजार संरक्षणमा जोड

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम आलु–प्याज व्यवसायी संघका नवनिर्वाचित पदाधिकारीहरुले शनिबार एक समारोहका बीच शपथग्रहण गरेका छन् । संघको अध्यक्षमा सुरज साह, सचिवमा मनोज साह, सह–सचिवमा संजय साह र कोषाध्यक्षमा सिकेन्द्र साह चयन भएका हुन् । जनकपुरधाममा आयोजित शपथग्रहण समारोहमा नेकपा एमाले नेतृ तथा पूर्वमन्त्री जुली महतो प्रमुख अतिथिका रूपमा सहभागी भइन् । उनले पछिल्लो समय जनकपुरधामको बजार व्यवसाय धराशायी बन्दै गएकोप्रति चिन्ता व्यक्त गर्दै सीमावर्ती बजारतर्फ उपभोक्ताको आकर्षण बढ्नु व्यापारिक संकटको मुख्य कारण रहेको बताइन् । ‘जनकपुरधाम मधेशको राजधानी हो, यहाँको बजारलाई जोगाउनु सरकारको जिम्मेवारी हो,’ पूर्वमन्त्री महतोले भनिन्, ‘व्यापारीलाई सहुलियत, अनुदान वा अन्य



उपायमार्फत सहयोग गर्दै स्थानीय व्यापार प्रवद्र्धन गर्नुपर्छ ।’ उनले पछिल्लो खडेरीको प्रभावले धान उत्पादनमा असर पर्ने देखिएकाले उपभोग्य वस्तुमा निर्भरता बढ्नसक्ने सम्भावनाबीच आलु–प्याजजस्ता सामग्रीमा आत्मनिर्भर बन्नुपर्ने आवश्यकता औंल्याइन् । कार्यक्रममा जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले स्थानीय व्यापारीहरूको सुख–दुःखमा सधैं साथ रहने बताउँदै बजार व्यवसाय उकास्न सरकारले प्रभावकारी योजना ल्याउनुपर्नेमा जोड दिए । नवनिर्वाचित अध्यक्ष सुरज साहले आलु–प्याज व्यवसायलाई व्यवस्थित बनाउँदै मूल्यमा एकरुपता कायम गर्न संघले पहल गर्ने प्रतिवद्धता व्यक्त गरे । कार्यक्रमको अध्यक्षता संघका निवर्तमान अध्यक्ष मो. अलाउदीन राईनले गरेका थिए ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन